का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ कात्तिक २०७९,
सोमबार
14 November 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २६८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# मतदाताका पुरानै माग
# भौतिक पूर्वाधार र सामाजिक सुरक्षा

काठमाडौं निर्वाचन क्षेत्र नं. २ मा चुनावी प्रचारमा रहेका उम्मेदवार र आफ्नै सुरमा काम गरिरहेका एक मजदुर । तस्वीरः आर्यन धिमाल/अनलाइनअखबर

विगतमा शासन व्यवस्थाविरुद्ध लडिरहँदा पनि जनताले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीका कुरा उठाए । यही आधारभुत आवश्यकताका निम्ति कैयन नेपालीहरुले बलिदानी दिए । सबैको बलमा पञ्चायत ढल्यो, राजतन्त्र गयो र मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । तर, फेरि पनि चुनावमा मतदाताहरु उही माग दोहोर्याइरहेका छन्- खानेपानी र सडक, स्वास्थ्य र शिक्षा ।

> पानी नभएको ठाउँमा पानी, अन्य समस्या भए त्यो पनि समाधान गर्छु भन्छन् । तर जितेपछि अनुहार देखाउने होइनन् । यही समस्या छ ।
>
> **सानुमाया माझी**
> **स्थानीय, माझीटार सिन्धुपाल्चोक**

> भोट माग्न आउनुहुन्छ, हामी हिजोको लिखित प्रतिवद्धतापत्र देखाउँछौं, त्यसपछि उहाँहरुको बोली बन्द हुने गरेको छ । हाम्रो समस्या जस्ताको तस्तै छ ।
>
> **निर्मल डगौंरा**
> **स्थानीय, टीकापुर कैलाली**

> म दोश्रो पटक विदेश जान लागेको छु । जसले चुनाव जितेपनि हामी युवालाई सहज नहुने भएपछि भोट हाल्नु र नहाल्नुको के अर्थ । हाम्रो दुख हामीसँगै छ ।
>
> **उत्तम खनाल**
> **स्थानीय, मुलपानी काठमाडौं**

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

नेपालमा जति पनि चुनाव भए प्रत्येक चुनावमा मतदाताका माग र उम्मेदवारका प्रतिवद्धतामा धेरै समानता पाउन सकिन्छ । विगतमा शासन व्यवस्था विरुद्ध लडिरहँदा पनि जनताले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीका कुरा उठाए । यही आधारभुत आवश्यकताका निम्ति कैयन नेपालीहरुले बलिदानी दिए । सबैको बलमा पञ्चायत ढल्यो, राजतन्त्र गयो र मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । तर, फेरि पनि चुनावमा मतदाताहरू उही माग दोहोर्याइरहेका छन् खानेपानी र सडक, स्वास्थ्य र शिक्षा । मंसिर ४ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन संघारमै घरघर पुगिरहेका उम्मेदवारलाई पानी ल्याइदिए, जग्गाको समस्या समाधान गर्दिए, बाटो बनाइदिए, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्दिए हुन्थ्यो भनिरहेका छन् ।

सिन्धुपाल्चोकको सदरमुकाम नजिकै रहेको माझीटार बस्तीमा वर्षोदेखि खानेपानीको समस्या छ । स्थानीय सानुमाया माझी भन्छिन्, 'पानी नभएको ठाउँमा पानी, अन्य समस्या भए त्यो पनि समाधान गर्छु भन्छन्, । तर जितेपछि अनुहार देखाउने होइनन् । यो ठाउँमा पानीको समस्या वर्षौं देखिको हो । तर समाधान भएको छैन ।

उनीमात्रै होईन, कैलाली टीकापुरका मुक्त कमैयाको गुनासो पनि सिन्धुपाल्चोकका स्थानीयको जस्तै छ । 'भोट माग्न आउनुहुन्छ, हामी हिजोको लिखित प्रतिबद्धतापत्र देखाउँछौं, त्यसपछि उहाँहरुको बोली बन्द

– बाँकी पृष्ठ २ मा

## मतदान नगर्ने चेतावनी

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

सिन्धुपाल्चोक र काभ्रेको सीमा विवादले समस्यामा परेका स्थानीयले मतदान नगर्ने चेतावनी दिएका छन् । सिन्धुपाल्चोकको साँगाचोक गढी नगरपालिका वडा नम्बर ११ र काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका वडा नम्बर ६ को सीमा क्षेत्रमा पर्ने डुम्रे गाउँका बासिन्दाहरु सीमा विवादले समस्यामा छन् । आफूहरुको माग पूरा नभए मंसिर ४ गतेको चुनाव बहिस्कार गर्ने उनीहरुको चेतावनी छ ।

> एउटै ठाउँमा जन्मे हुर्केका एउटै बाउका सन्तानलाई सिन्धु र काभ्रे भनेर विभाजित गरिदिएको छ । आज हामी गरिब सिमान्तकृत आदिवासी माझी समुदाय थप अन्याय र विभेदमा परेका छौं ।
>
> **ठुलोबाबु माझी**
> **स्थानीय**

उनीहरुले आइतबार प्रशासनलाई ज्ञापनपत्र नै बुझाएका छन् । ज्ञापनपत्रमा सिम्ले बगर र डुम्रे बगरमा बालुवा, गिट्टी तथा ढुङगा संकलन र बिक्री वितरण गर्ने वातावरण बनाउनु पर्ने, जग्गाको कित्ता नापी

– बाँकी पृष्ठ २ मा



## मौन अवधिमा मादक पदार्थ बेच्न निषेध

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

निर्वाचनको समयमा मादक पदार्थ बिक्री वितरण तथा सेवनमा कडाइ हुने भएको छ । निर्वाचन आयोगले निर्वाचनको मौन अवधिदेखि मतगणना कार्य पूरा नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवन गर्ने काम निषेध गर्न गृह मन्त्रालयलाई निर्देशन नै दिएको छ ।

केन्द्रीय आचारसंहिता अनुगमन समितिको निर्वाचनसँग संलग्न निकायलाई ७ बुँदे निर्देशन दिँदा गृह मन्त्रालयलाई यस्तो निर्देशन दिएको हो । केन्द्रिय आचारसंहिता अनुगमन समितिको आईतवार बसेको बैठकले मादक पर्दा जफत गर्नुपरेमा गृह मन्त्रालयमार्फत प्रहरीलाई निर्देशन दिने निर्णय गरेको हो ।

समितिका संयोजकसमेत रहेका निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहीत निर्वाचन सम्पन्न गराउनका लागि निर्वाचन कार्यमा संलग्न विभिन्न निकायलाई ७ बुँदे निर्देशन जारी गरिएको जानकारी दिए ।

बैठकले अनुगमन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिलाई हालसम्म प्राप्त भएको आचारसंहिता उल्लंघन सम्बन्धि उजुरी र सो सम्बन्धमा सोधेको स्पष्टीकरण, उजुरीको फर्छ्योट र कारबाहीको अवस्थासहितको प्रगति विवरण समितिमा वा आयोगमा पठाउन पनि निर्देश गरेको छ ।

'निर्वाचन कसुर तथा सँजाय ऐन २०७३

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसिया जाने हवाई भाडा अत्याधिक महंगो, मारमा कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ कात्तिक

वैदेशिक रोजगारीका लागि मलेसिया जाने कामदारको हवाई टिकटको मूल्य ७६ हजारभन्दा बढी पुगेको छ । मुलुकमा भ्रष्टाचार, कुशासन, महंगी तथा कालाबजारियाको अन्त्य गर्न भन्दै राजनीतिक दलहरु आगामी मंसिर ४ को आम निर्वाचनमा होमिएका बेला वैदेशिक रोजगारीमा जाने विपन्न अवस्थामा रहेका कामदार अत्यधिक महंगो हवाई भाडा तिरेर रोजगारीमा जान बाध्य भएका छन् ।

करिब ५ घण्टा दुरीको काठमाडौं-मलेसिया उडानको सामान्य हवाई भाडा ३० देखि ३५ हजार भएपनि आइतबार टिकटको लागि ७६ हजार बढी तिर्नुपरेको एक व्यवसायीले बताए । सरकारले इम्प्लोइमेन्ट पे मोडलमा कामदार पठाउने नीति लिएपनि सबै कामदार रोजगारदाता कम्पनीले दिने टिकटमा उड्न पाएका छैनन् ।

टिकट पठाउने रोजगारदातहरु पनि सम्झौता भन्दा बढीको टिकटको भुक्तानी पठाउन नसकिने भन्दै नेपाली म्यानपावर कम्पनीसँग असन्तुष्टि जनाउने गरेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका उपाध्यक्ष डिक बहादुर खत्री (कुमार)ले बताए । उनले भने, 'लामो समयको प्रतीक्षापछि लयमा फर्किएको मलेसियाको वैदेशिक रोजगारी जहाज टिकटको अभावमा प्रभावित हुने खतरा बढेको छ ।'

व्यवसायीहरुले नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान भरिरहेका चार्टर्ड विमानहरुलाई भैरहवा अन्तर र्राष्ट्रिय विमानस्थल प्रयोग गर्न बाध्य पारेपछि मलेसिया जाने युवाहरुलाई टिकटको समस्या परेको बताएका छन् । त्यसका अतिरिक्त सरकारले ट्राभल्स ऐजेन्सीहरुको अनुगमन नगर्दा टिकटमा कालाबजारिया हावी देखिएको व्यवसायीहरुको टिप्पणी छ ।

हाल राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सले हप्ताको ४ उडान र हिमालयन एयरलाइन्सले काठमाडौं-भैरहवा-क्वालालम्पुर चार्टर्ड उडान शुरु गरेपनि वैदेशिक रोजगारीमा जाने कामदार कोरोना कालको जस्तै चार्टर्ड उडानको महंगो भाडा तिर्न बाध्य छन् ।

उपाध्यक्ष केसीले नेपालका म्यानपावर कम्पनीले मलेसियाका रोजगारदातालाई नेपाली कामदार जाने मिति र समयको तालिका पठाएअनुसार कामदार नजाँदा मलेसियामा रोजगारदाताले व्यवसायीहरुलाई अत्याधिक दबाब दिइरहेको बताए ।

### निर्वाचनअघि नै कामदारलाई तलब दिन आग्रह

**क्वालालम्पुर / मस–** मलेसियाका पूर्वमानव संशाधन मन्त्री एम कुलासेगरनले निर्वाचन अगाडि नै कामदारको तलब पूर्णरूपमा चुक्ता गर्नुपर्ने बताएका छन् । मलेसियामा आगामी नोभेम्बर १९ तारेखमा १५ औं आम निर्वाचन हुँदै छ ।

केही रोजगारदाताहरूले कामदारलाई तलब नदिँदा उनीहरू समयमै आ-आफ्नो निर्वाचन क्षेत्रमा जान नसक्ने र मतदानको प्रतिशत कम हुने अवस्था देखिएको भन्दै उनले नोभेम्बर १९ को आम निर्वाचनका अवसरमा कामदार आफ्नो निर्वाचन क्षेत्रमा जान रोकिनु नहुने बताए ।

त्यसैगरी उनले कामदारलाई निर्वाचनको सन्दर्भमा पर्याप्त बिदा दिन पनि रोजगारदाताहरूसँग आग्रह गरेका छन् ।

## 'उम्मेदवारले निर्वाध प्रचारप्रसार गर्न पाउँछन्'



> निर्वाचनमा उम्मेदवार भएका हरेक व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर प्राप्त हुने भएको हुँदा सबै राजनीतिक दल एवं सबै उम्मेदवारलाई निर्वाधरूपमा प्रचारप्रसार गर्ने वातावरण सृजना गर्न गृह मन्त्रालयलाई पुन: निर्देशनसहित ध्यानाकर्षण गराइएको छ ।
>
> **कमल भट्टराई**
> **सहायक प्रवक्ता, निर्वाचन आयोग**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

आइतबार चितवनमा स्वतन्त्र पार्टीका सभापति तथा चितवन क्षेत्र नम्बर २ का प्रतिनिधि सभाका उम्मेदवार रवि लामिछानेको गाडीमा तोडफोड भएको छ । इच्छाकामना गाउँपालिका-४ लेवाटार स्थित मुग्लिङ सडक खण्डमा बा. १४ च ७६८४ नम्बरको गाडी तोडफोड भएको हो । गाडीमा लामिछाने थिएनन् तर, प्रचार टोलीसँगै उनी पनि जाँदै थिए । लेवाटारमा सत्ताधारी गठबन्धनको कार्यक्रम हुँदै थियो । कार्यक्रमबाट निस्केका एकजना युवाले लामिछानेको प्रचारमा हिँडेको गाडी रोकेर तोडफोड गरेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । चितवनका प्रमुख जिल्ला



अधिकारी अस्मान तामाङले घटनाबारे बुझेर जानकारी दिने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी चितवनका अध्यक्ष धर्मेन्द्र सापकोटाका अनुसार प्रचारका लागि उनका समर्थक चढेको गाडीमा गठबन्धनका कार्यकर्ताले आक्रमण गर्दा गाडीको अगाडिको सीसा फुटेको छ ।

यो घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै निर्वाचन आयोग दल तथा उम्मेदवारलाई

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४५९८७४०५

आम निर्वाचन:

# उम्मेदवारसँग मतदाताका मागैमाग

पाँचथर/मस- आम चुनाव नजिकिएसँगै पाँचथरमा पनि चुनावी सरगर्मी बढेको छ । जिल्लाको सदरमुकामसमेत रहेको फिदिम नगरपालिका-१ मा पर्ने नाम्दु र ढोडेनी टोलका स्थानीयबासिन्दा छिटो बजार पुग्ने बाटो खुलेको देख्न चाहन्छन् । ढोडेनीबाट फिदिम-नाङ्लपा सडकसम्म नयाँ ट्र्याक खोल्नुपर्ने माग स्थानीयवासीले उठाएको धेरै भयो । यहाँसम्म मेची राजमार्गको रमितेबाट सडक पुगे पनि घुमाउरो परेपछि स्थानीयवासी बाटो 'उल्टो' भएको बताइरहेका छन् ।



सदरमकाम नजिकैको फिदिम नगरपालिका-२ बतासेका स्थानीयवासी बतासेबाट रमिते जोड्ने करीब पाँच किलोमिटर सडक स्तरोन्नति गरी बाह्रै महिना सञ्चालनयोग्य बनाउन माग गरिरहेका छन् । 'हामी सागसब्जी बेच्न सदरमुकाम पुग्नु पर्छ । बाटो खराब हुँदा ट्याम्पोलगायत सस्तो भाडाका सवारी ल्याउन सकिन्न', स्थानीयवासी नरेन्द्र राईले भने, 'भ्यान र पिकअप ल्याउनु पर्दा सागसब्जीको पूरै दामले पुग्दैन ।' निवर्तमान प्रदेशसभा सदस्य आशारत्न जबेगूको निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट सडकको सामान्य स्तरोन्नति भए पनि पूर्ण नभएको उनीहरूको भनाइ छ । फिदिमकै वडा नं ११ फलाँटेका स्थानीयवासी सो स्थानमा रहेको पाथीभरा आधारभूत विद्यालयको भवन आधा निर्माण भई अलपत्र बनेको, पर्याप्त शिक्षक नभएको तथा नगरपालिकाले बेवास्ता गरेको भन्दै माथिल्ला निकायबाट भए पनि बजेटको व्यवस्था गरिदिन माग गरिरहेका छन् ।

फालेलुङ गाउँपालिका-५ हात्तिखेम्बाका मगर समुदायको गुम्बामा भान्साघर, शौचालयलगायत संरचना आवश्यक छन् । कच्ची संरचना हुँदा बर्खामास समस्या पर्ने भएपछि स्थानीयवासीले पक्की संरचना माग गरेको वर्षौं भयो । स्थानीय सरकारले स्थानीयवासीका माग पूरा नगरेपछि अन्य निकायसँग माग गर्ने काम भइरहेको स्थानीयवासी चूडामणि ग्याङ्मी मगरको भनाइ छ ।

फालेलुङ-४ खुर्बुकको मलौटेमा रहेको खेलमैदानमा वर्षौंदेखि एकादशी मेला लगाइनुका साथै फुटबललगायत खेलकुद प्रतियोगिता आयोजना हुने गरेका छन् । तर खेलमैदान व्यवस्थित नहुँदा फुटबल खेल सञ्चालन अपेक्षितरूपमा सहज छैन । उक्त खेलमैदानलाई व्यवस्थित गर्न बजेट आवश्यक परेको तथा खेलमैदानसम्म पुग्ने मोटरबाटो स्तरोन्नति आवश्यक रहेको स्थानीयवासी जङ्गवीर राई बताउछन् ।

फालेलुङकै वडा नं ४ र ५ का कतिपय टोलमा टेलिफोनको टावर टिप्दैन । मोबाइलमा नेटवर्क नआउने समस्याले आजित स्थानीयवासी समस्या शीघ्र हल गरिदिन माग गरिरहेका छन् ।

हिलिहाङ गाउँपालिका वडा नं ३, ४ र ५ का स्थानीयवासी मेची राजमार्गको सल्लेरी हुँदै गाउँपालिकाको केन्द्र पञ्चमी जोड्ने सडक कालोपत्रे गर्न माग गरिरहेका छन् । अघिल्लो सरकारले रणनीतिक सडकका रूपमा कालोपत्रेका लागि विस्तृत परियोजना प्रतिवेदन तयार पारी काम अघि बढाएको भए पनि अहिले आएर बजेट नछुट्टिएको भन्दै स्थानीयवासी आक्रोशित छन् ।

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन सम्मुखमा उम्मेदवार हरूसँग स्थानीयवासीले यस्ता कयौं मागहरु राखिरहेका छन् ।

# पोखरीमा डुबेर तीन भारतीय बालकको मृत्यु

**सिरहा/मस–** सिरहाको मिर्चैयास्थित पोखरीमा डुबेर तीन जना भारतीय बालकको मृत्यु भएको छ । ईलाका प्रहरी कार्यालय मिर्चैयाका अनुसार मिर्चैया नगरपालिका-१ स्थित जेके इट्टा उद्योगमा कार्यरत भारत विहार पुरनियाँ खरिन्चियाका खुर्सिद आलमका दुई छोरा १२ वर्षीय अली हसन, १० वर्षीय नवी हसन र जोगवनी निरगंजका नन्दलाल दासका १० वर्षीय छोरा नितेशको आइतबार साँझ पोखरीमा डुबेर मृत्यु भएको हो ।



इँट्टा उद्योग नजिकै रहेको पोखरीमा पौडी खेल्ने क्रममा डुबेका अवस्थामा छोराहरूलाई देखेपछि खुर्सिदले तीनै जनालाई तत्काल निकाले पनि अली र नवीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । अर्का बालक नितेशको स्थानीय अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । तीनै जना बालकको शव पोष्टमार्टमका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा राखिएको छ ।

# मुक्त कमैयाको गुनासो 'हामी सबैलाई सहयोग गर्छौं, हाम्रा लागि कसले गर्ने ?'



**झलनाथ खनाल/रासस**
भजनी, २७ कात्तिक

कैलालीको टीकापुर नगरपालिका-१ शक्तिनगर शिविरकी बढ्घर चन्द्रा थारू शनिबार परम्परागत डोक्नीमा अचार कुट्दै थिइन् । शिविरमा रहेको सार्वजनिक भवनमा उनीलगायत अन्य स्थानीयवासी खाना पकाउन व्यस्त थिए । उनले पकाएको खान भोजभतेरका लागि भने होइन । चन्द्रासँगै थुप्रै महिला र पुरुष खाना पकाउनमा निकै व्यस्त देखिन्थे ।

निर्वाचनका लागि प्रचार-प्रसारमा आउने राजनीतिक दलका नेता तथा उम्मेदवारलाई उनीहरूले शिविरमै रहेको सामुदायिक भवनमा खाना पकाएर खुवाउनेसम्मको काम गर्दै आएका छन् । उनहरूले यो वा त्यो दल नभई जुनसुकै दल तथा उम्मेदवारले सहयोग माग्दा पनि सहयोग गर्दै आएका छन् । उम्मेदवार तथा राजनीतिक दलले खाद्यान्न सामग्रीको व्यवस्थापन गरिदिने र शिविरका बढ्घरको रोहबरमा उनीहरूलाई खानाको व्यवस्थापन गर्दै आएकी थारु रहरले नभई बाध्यताले खाना पकाएर खुवाउनुपरेको बताउछिन् ।

'खाद्यान्न ल्याएर खाना पकाउन आग्रह गर्छन् । आग्रह गरेपछि आफूले सकेको हामीले सहयोग गर्दै आएका छौं, उनी भन्छिन्, 'हामीले सक्ने गरेका छौं । हामीले पकाएर खाना खाएर गएकाहरू चुनाव सकिएपछि हाम्रो बस्तीमा फर्किंदैनन् ।' टीकापुर नगरपालिका-१ शिवनगर मुक्त कमैया शिविरका बढ्घर श्यामप्रसाद डगौंरा १७ वर्षदेखि शिविरको नेतृत्व गर्दै आउनुभएको छ । विसं २०६३ चैत ११ गते घरबारविहीन भएका मुक्त कमैया सुकुम्बासीले शिविरमा बसोबास शुरु गरेदेखि उनले शिविरका नागरिकको हकहितका लागि काम गर्दै नागरिकको नेतृत्व गर्दै आएकी हुन् ।

विसं २०६३ मा बसोबास गरेका मुक्त कमैया सुकुम्बासीका लागि २०६४ मा भएको संविधानसभाको पहिलो निर्वाचन निकै महत्वपूर्ण हुने अपेक्षा गरिएको थियो । तत्कालीन निर्वाचनमा निर्वाचित भएर नेतृत्वमा गएकाले सुकुम्बासीलाई लालपुर्जा दिनेमा आशावादी हुँदै निर्वाचनमा मतदान गरेको श्यामप्रसाद बताउछन् ।

'संविधानसभाको निर्वाचनदेखि लालपुर्जाको आशामा बसेका मुक्त कमैया सुकुम्बासीको माग आजसम्म पूरा हुन सकेन । हामीले चुनावमा फरक नेतृत्वलाई जिताएर कसैबाट त आफ्नो माग पूरा होला भन्ने विश्वासले नयाँ अनुहारलाई नेतृत्व तहमा पठायौं', उनले भने, 'नेतृत्व गर्ने अवसर सबैले पाए, हाम्रो समस्याले कसैलाई पनि छुन सकेन ।'

सोही शिविरका अर्का बढ्घर रामफल थारू विभिन्न राजनीतिक दलसँग नजिक छन् । उनले मुक्त कमैया सुकुम्बासीका समस्या समाधानका लागि स्थानीय सरकारदेखि सङ्घीय सरकारसँग समन्वय गरे । बाइस वर्ष पहिले नै कमैया मुक्त घोषणा भए पनि कमैयाको व्यवस्थापनप्रति सरकार जिम्मेवार हुन नसकेको उनी बताउछन् । '१७ वर्षदेखि हामीले आफूहरूको उचित व्यवस्थापनका लागि लालपुर्जा माग्ने राजनीतिक दलले आश्वासन दिनेभन्दा अरु केही काम हुन सकेन', उनले भने, 'मुक्त कमैयाहरूले सबैका लागि गरे तर, मुक्त कमैयाका लागि कसले केही गरेन ।'

सोही ठाउँकी सेतु चौधरी राजनीतिक दलका लागि आफूहरू फुटबलजस्तै बनेको बताए । सबैले आश्वासन दिने चुनाव जितेर जाने, त्यसपछि कोही पनि शिविरमा फर्केर नआउने गरेको गुनासो उनको छ । 'विसं २०६४ देखि हामी सबै राजनीतिक दलका लागि प्रयोगमात्रै भयौं । सबै राजनीतिक दलले हामीलाई फुटबलजस्तै बनाएर खेले', उनले भने, 'खेलमा विजेताले आफ्नो स्वार्थ पूरा गरे तर आफैंले खेलेको फुटबलको संरक्षण कसैले गरेनन् ।'

शिविरका नागरिक गलत व्यक्तिलाई चुनावमा निर्वाचित गराउने पक्षमा छैनन् । शिवनारायण चौधरी नेतृत्वबाट आश्वासनमात्रै पाएको देख्दा भोट हाल्नै जान मन नलाग्ने बताए । 'भोट हाल्ने मन नै छैन । हामीले भोट नहाल्दा पनि जित्नेले जितेर जाने नै हो',

उनले भने, 'हामीले मतदान नगरेकै कारण गलत व्यक्ति नेतृत्वमा नपुगोस् भनेर पनि मतदान गर्नुपर्ने बाध्यता छ ।'

स्थानीय तहको निर्वाचनमा टीकापुर नगरपालिकाबाट उम्मेदवारी दिएका सबै उम्मेदवारले मुक्त कमैया सुकुम्बासी बस्तीलाई व्यवस्थापन गर्नुका साथै जग्गा उपलब्ध गराउने जनाउँदै उनीहरूसँग लिखित कागजसमेत गरेका छन् । लिखित सम्झौता गरेका राजनीतिक दलबाटै निर्वाचित भएका व्यक्तिले स्थानीय सरकारको नेतृत्व गरिरहेका छन् । विसं २०७४ को निर्वाचनमा पनि भोट दिएपछि जग्गा दिन्छौं भनेर केही राजनीतिक दलले लिखित कागज गरेका थिए । त्यो कागज सुकुम्बासी बस्तीका नागरिकले अझै पनि सुरक्षित राखेका छन् । उनीहरूले हिजो लिखित कागज गरेका उम्मेदवारलाई प्रचार-प्रसारमा भेटेपछि त्यहीं कागज देखाउने गरेको निर्मलकुमार डगौंरा बताउछन् ।

'भोट माग्न आउछन्, हामी हिजोको लिखित प्रतिबद्धतापत्र देखाउँछौं, त्यसपछि उहाँहरुको बोली बन्द हुने गरेको छ', उनले भने, 'हाम्रो समस्या जस्ताको तस्तै छ । उहाँहरू पाँच वर्ष पूरा गरेर फेरि हाम्रो बस्तीमा पुग्दा आश गर्ने ठाउँ नै हामीसँग छैन ।'

टीकापुरका सातवटा मुक्त कमैया सुकुम्बासी शिविरमा चार हजार पाँच सयभन्दा बढी घर छन् । करिब आठ हजार मतदाता रहेको शिविरका मतदाताको भोट नै सबै उम्मेदवारका लागि निर्णायक हुने भएकाले शिविरमा उम्मेदवारको ध्यान बढी केन्द्रित हुने गरेको छ ।

# सुकुम्बासी भन्छन्, 'हामीले लालपुर्जा कहिले पाउने ?'

**ढोरपाटन/मस–** 'हाम्रो आफ्नो घर, जग्गा, जमिन केही छैन, हामी सुकुम्बासी हौं, जीविका चलाउन निकै गाह्रो भइरहेको छ, अघिपछि यो गाउँमा नेताहरू आउँदै आउँदैनन्, अहिले चुनाव आयो त्यही भएर होला नेताहरू दिनदिनै भोट माग्न आउँछन्, आश देखाएर जान्छन्, चुनाव जितेपछि फर्किएर आउँदैनन् ।' बागलुङ नगरपालिका-१२ अमलाचौरका ७५ वर्षीय इसुफ मियाँले भने । उनको आफ्नो र पैतृक सम्पत्ति केही छैन ।



मियाँलाई हरेक चुनावमा लालपुर्जा दिलाउने आश्वासन धेरै उम्मेदवारले दिए । आफूलाई लालपुर्जा दिलाउन नसकेको उनले गुनासो पोखे । उनी आफ्नो जग्गा, जमिन र बस्ने बाससमेत नभएको जनाउँदै अरुको आश्रय लिएर बस्नुपरेको बताए । नेताले जित्नका लागि सुकुम्बासी बस्तीमा आएर भोटका लागि अनेक आश्वासन दिने तर काम भने नगरेको उनको भनाइ छ । 'अहिलेसम्म दर्जनौं नेताले सुकुम्बासीलाई जग्गा व्यवस्थापन गरेर लालपुर्जा दिन्छौं भनेर आश्वासन दिए, हामी पनि होला भन्दै आश गरेर बस्यौं तर अहिलेसम्म न जग्गा पाइयो, न लालपुर्जा । धेरै व्यवस्था फेरियो तर हाम्रो अवस्था उस्तै छ, कहिल्यै फेरिएन, दिनदिनैको बढ्दो महँगी उस्तै, निकै दुःख पाएका छौं', उनले भने, 'चुनाव आउने बेला जहिले पनि सुकुम्बासीको काम गर्न हामी चुनावमा उठेका छौं, जितेपछि तपाईंहरूका लागि यो गर्छौं, त्यो गर्छौं भन्छन् तर जितेर गए भने एकपटक पनि हामीलाई भेट्न आउँदैनन्, हाम्रा आशाहरू यतिकै मरे ।'

आफ्ना छ भाइ छोरामध्ये कान्छो छोराले मात्रै घडेरी किनेर घर बनाएको जनाउँदै अन्य पाँच भाइ सुकुम्बासी नै रहेको मियाँले बताए । उनले वर्षौंदेखि सरकारसँग गाँस, बास र कपासको ग्यारेन्टीका लागि माग गरे पनि कुनै सुनुवाइ नभएको गुनासो पोखे । आफूहरूले वर्षौंदेखि मजदुरी गरेर जीविका चलाइरहेको उनको भनाइ छ ।

स्थानीय आमुला खातुनले चुनावका बेला आश्वासन दिने नेताले सुकुम्बासीका लागि रोजगारको व्यवस्था मिलाइदिए दैनिकी चलाउन सहज हुने बताइन् । उनले रोजगारसमेत नहुँदा दैनिकी चलाउनसमेत गाह्रो पर्ने बताइन् । खातुनले वृद्धवृद्धाले नसके पनि युवाहरूले काम गर्न सक्ने र परिवार चलाउन सहज हुने उनको भनाइ छ । सुकुम्बासीका लागि राज्यको नजर पुग्न नसकेको उनले बताइन् ।

'सांसद, मन्त्रीहरू भएका सबै हामीहरूले मत दिएर जितेका त हुन् नि, उनीहरूलाई हामीले माथि पुऱ्यायौं, तर हाम्रा लागि कसैले केही गर्न सकेन, चुनावका बेला भोट माग्न आएर यो गदिन्छौं र ऊ गदिन्छौं भन्नेले केही नगरेर सुकुम्बासीलाई रोजगरको व्यवस्था गरिदिए त आफैं कमाएर जीवन चलाउन सकिन्थ्यो नि', उनले भनिन्, 'काम केही गर्न पर्दैन, भाषण मात्रै दिन्छन्, जितेर गए भने पाँच वर्ष फर्किएर गाउँ आउँदैनन्, यस्ता नेतालाई के भोट दिनु, भोट मात्रै खेर गइरहेको छ ।'

उनले यहाँका बालबालिका, वृद्धवृद्धालाई अझ बढी समस्या पर्ने गरेको बताए । उनले सुकुम्बासीहरू अरुको आश्रयमा बसेको हुँदा खाना, बस्न र औषधोपचारमा बढी समस्या हुने गरेको हुँदाको भनाइ छ । सरकारले सुकुम्बासीका लागि निःशुल्क स्वास्थ्योपचार र खाद्यान्नको व्यवस्था गरे आफूहरूलाई ठूलो राहत मिल्ने बताइन् ।

उनी भन्छिन्, 'नेताहरूसँग हाम्रो ठूलो अपेक्षा छैन, हामीहरूको आधारभूत आवश्यकता पूरा गरिदिए अरु हामी जसोतसो जीविका चलाउन सक्थ्यौं, जाडो शुरु हुन थाल्यो, लत्ताकपडाको समस्या हुन्छ, खाना र अरुको कुरा त सबै समस्याको विषय भयो, यहाँ त खानेपानीको पनि निकै समस्या छ, यहाँका केटाकेटीले पढ्न पनि समस्या छ, औषधोपचार पाउनै गाह्रो छ ।'

स्थानीय यज्ञबहादुर क्षेत्री सुकुम्बासी बन्नुपरेको धेरै समय भएको छैन । आधा दशक अगाडिसम्म उनको व्यवसाय, गाडी थियो । परिवार राम्रोसँग चलेकै थियो । बैंकबाट ऋण लिएर गाडी किनेको केही समयै दुर्घटनामा परेपछि क्षेत्रीको घर, सम्पत्ति र व्यवसाय सबै डामाडोल बन्यो । बैंकले घर जग्गा कब्जा गरेपछि क्षेत्री परिवार सुकुम्बासी हुनुपऱ्यो ।

आफू सुकुम्बासी भएपछि धेरै नेताले घर बासको व्यवस्थापन गरीदिने आश्वासन दिए काम नगरेको बताइन् । उनले अहिले भोट माग्न आउने उम्मेदवारलाई आफूजस्ता सुकुम्बासीको समस्या समाधान नगरेसम्म मत नदिने बताइन् ।

उनले भनिन्, 'नेताले त कुरामात्रै गर्ने हुन् काम गर्दैनन्, यो गाउँमा यति धेरै सुकुम्बासी छौं, चुनाव आउँदा मात्रै गाउँ आउँछन्, जितेपछि कहाँ जान्छन्, थाहा हुँदैन, हामी आफैं पीडामा छौं, त्यहीमाथि चुनावका बेला आएर आश्वासन दिन्छन्, आश लाग्ने केही गर्छन् कि भन्ने तर केही नगर्दा हामी निकै निराश छौं, यिनीहरूलाई भोट दिएर काम छैन, हाम्रो अवस्था कहिल्यै फेरिएन, उनीहरूलाई किन भोट दिने ?'

अमलाचौर गाउँमा मात्रै करिब १५ भन्दा बढी घरपरिवार सुकुम्बासी छन् । आफूहरूलाई स्वास्थ्य, शिक्षा, खानेपानी निकै समस्या रहेको उनीहरू बताउँछन् । यो चुनावमा आफूहरू एकजुट भएर आफ्ना समस्या समाधान गरीदिने नेतालाई मात्रै भोट दिने योजना बनाएको उनीहरूको भनाइ छ ।

## मतदाताका...

हुने गरेको छ, हाम्रो समस्या जस्ताको तस्तै छ । उहाँहरू पाँच वर्ष पूरा गरेर फेरि हाम्रो बस्तीमा पुग्दा आश गर्ने ठाउँ नै हामीसँग छैन' स्थानीय निर्मल डगौंराले भने । भोट दिएपछि जग्गा दिन्छौं भनेर लिखित गराएका उम्मेदवारले समेत जितेपछि केही नगरेको भन्दै उनी आक्रोश व्यक्त गर्छन ।

नजिकिएको चुनावको मुखैमा कोरिया जान लागेका काठमाडौं मुलपानीका उत्तम खनाल पनि राजनीतिक नेतृत्वबाट कम आशावादी छन् । उनी भन्छन्, 'म दोश्रो पटक विदेश जान लागेको हुँ, जसले चुनाव जिते पनि हामी युवालाई सहज नहुने भएपछि भोट हाल्नु र नहाल्नुको के अर्थ, हामी किन पो उत्साहित हुनु, हाम्रो दुख हामीसँगै छ ।' साथै देशमा केही गर्न पाउने अवशर भएको भएँ विदेशमा श्रम बेच्न जानु नपर्ने उनको भनाई छ । तर चुनावको संघारमा विदेश जानेहरुको लर्को भने एयरपोर्टमा उस्तै छ ।

## मतदान...

गरि गराइ लालपुर्जा वितरण गर्नु पर्ने लगायतका माग राखिएको छ । माग पूरा नभए ४ मंसिरको चुनावमा भोट नहाल्ने उनीहरुको चेतावनी छ ।

माझी र पहरी समुदायको बाक्लो बसोबास रहेको डुम्रे गाउँमा सीमा विवाद छ । दुवै जिल्लाले यो ठाउँ आफ्नो रहेको दाबी गर्दै आएका छन् । विवादकै बीच बनेका नागरिकतामा कसैको ठेगान काभ्रे जिल्ला त कसैको नागरिकतामा सिन्धुपाल्चोक जिल्ला उल्लेख छ । विवादकै कारण यहाँ नापी हुन सकेको छैन र स्थानीयबासिन्दासँग भोग चलन गरिरहेको जग्गाको लालपूर्जा पनि छैन ।

यो समस्या समाधान नभए मंसिर ४ गतेको चुनाव बहिस्कार गर्ने भन्दै उनीहरु ज्ञापन लिएर आइतबार चौतारा आइपुगकेका हुन् । 'हाम्रो जमिनको क्षेत्रफल कति हो ? लालपुर्जा कस्तो हुन्छ ? थाहा छैन,' उनीहरुले एक स्वरले भने, 'हाम्रो जग्गा नापी हुनु पर्छ र हामीलाई लालपुर्जा चाहियो ।'

एउटै परिवारको एक भाइ सिन्धुको बासिन्दा र अर्को भाइ काभ्रेको बासिन्दा भनी अन्यायपुर्ण तवरले विभाजित गरेको उनीहरुको दुखेसो छ । एउटै सन्तानलाई ठाउँको नामले फरक बनाइदिँदा सामाजिक सदभाव लगायतमा समस्या परेको उनीहरुले बताए । 'एउटै ठाउँमा जन्मे हुर्केका एउटै बाउका सन्तालाई सिन्धु र काभ्रे भनेर विभाजित गरिदिएको छ,' चौतारा आइपुगेका ठुलोबाबु माझीले भने, 'आज हामी गरिब सिमान्तकृत आदिवासी माझी समुदाय थप अन्याय र विभेदमा परेका छौं ।'

उनीहरुले गत वर्षहरुमा पनि यो समस्या समाधन गर्न अभियानै चलाएका थिए । भूमि फिर्ता अभियानका क्रममा गरिएको सडक संघर्षबाट आफूहरुको समस्या समाधान नभएकाले अहिले चुनाव बहिस्कार गर्ने ज्ञापनपत्र बुझाउनु परेको प्रेम माझीले बताए ।

## मौन...

को दफा २४ को उपदफा ५ बमोजिम तथा निर्वाचन आचारसंहिता २०७९को दफा १७ बमोजिम मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मत गणनाको काम पूरा नभएसम्म निर्वाचन प्रचारप्रसार सम्बन्धी कुनै पनि गतिविधि गर्न नपाउने विषयमा राजनैतिक दल तथा उम्मेदवारलाई जानकारी गराइ, सो व्यवस्थाको पालना गर्न गराउन जिल्ला आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिने । विभिन्न निकायहरुले तयार गरी पठाएका निर्वाचन आचार संहिता कार्यान्वयन कार्ययोजनालाई एकिकृत गरी तयार गरिएको कार्ययोजना स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने' निर्देशनमा भनिएको छ ।

निर्वाचन आयुक्त भण्डारीले निर्वाचन आचारसंहिता उल्लंघन हुन नदिन आयोग सक्षम रहेको पनि बताएका छन् ।

## उम्मेदवारले...

स्वतन्त्रतापूर्वक निर्वाध रूपमा प्रचारप्रसार गर्न/गराउन दिन निर्देशन दिएको छ । आयोगले दल तथा उम्मेदवारलाई निर्वाध रूपमा प्रचारप्रसार गर्न/गराउन पाउने बताएको छ ।

आयोगका सहायक प्रवक्ता कमल भट्टराईले विज्ञप्ति निकालेर यस्तो बताएका हुन् । विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्यमान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएकोले निर्वाचनमा उम्मेदवार भएका हरेक व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर प्राप्त हुने भएको हुँदा सबै राजनीतिक दल एवं सबै उम्मेदवारलाई निर्वाधरूपमा प्रचारप्रसार गर्ने वातावरण सृजना गर्न आयोग गृह मन्त्रालयलाई पुनः निर्देशनसहित ध्यानाकर्षण गराइएको छ ।'

आयोगले मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई यही कात्तिक २२ गते दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचारप्रसार गर्न/गराउन र निर्वाचनमा खटिएका कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक एवं आम मतदातालाई आवश्यक सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्न निर्देशन दिएको थियो ।

# निर्वाचनका सबै गतिविधिमा स्वास्थ्य सतर्कता अपनाउन आग्रह

**काठमाडौं/मस–** निर्वाचनका समयमा उम्मेदवारी मनोनयन दर्तादेखि विजयी जुलुससम्ममा भीड हुन्छ । मङ्सिर ४ को निर्वाचनका लागि अहिले उम्मेदवारहरु घददैलो कार्यक्रम र प्रचारप्रसारमा व्यस्त हुँदा जनस्वास्थ्य मापदण्डलाई भने बेवास्ता गरेका छन् । स्वास्थ्य मापदण्ड पालना नगर्दा कोभिड-१९ सँगै अन्य संक्रमणको जोखिम बढ्ने भन्दै स्वास्थ्य सतर्कता अपनाउन चिकित्सकको सुझाव दिएका छन् । त्यस्तै आइतबार पछिल्लो २४ घण्टामा देशभर थप १५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । आइतबार थप ३० जना संक्रमणमुक्त भई डिस्चार्ज भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको विवरण अनुसार २४ घण्टामा थप १ हजार ९८५ नमुना परीक्षण गर्दा १५ जनामा संक्रमण पुष्टि भएको हो । त्यस्तै, देशभर सक्रिय संक्रमितको संख्या ५१४ रहेको छ ।

कोरोनाको संक्रमणदर घटे पनि जोखिम कायमै रहेको भन्दै लापर्बाही नगर्न चिकित्सकले सुझाव दिएका छन् ।

'उम्मेदवारहरुले जनस्वास्थ्यको मापदण्ड पालना गरेको देखिँदैन, जति धेरै हुल र हल्लामा हिँड्नुभयो उति शक्ति प्रदर्शन ठान्दै हिँडिरहनु भएको छ, यसले सरुवा रोगको संक्रमणको जोखिम बढाएको छ', डा.सागरराज भण्डारी भने, 'अहिले हेलचेक्र्याइँ गरे रुघाखोकी, इन्फल्युएन्जा र कोभिडको परिवर्तितस्वरुपको जोखिम बढ्न सक्छ ।'




शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका पूर्वनिर्देशक डा.भण्डारीले सभासम्मेलन समारोह बन्द कोठामा आयोजना नगर्न सुझाव दिए । चिसोका कारण रुघाखोकीका बिरामी पनि बढ्दै गएको चिकित्सक बताउँछन् ।

कोभिड- १९ को संक्रमण शून्यमा झरिनसकेको र मौसमी रुघाखोकी, स्वासप्रश्वाससम्बन्धी संक्रमण निरन्तर बढीरहेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा.शेरबहादुर पुनले जानकारी दिए । सभासम्मेलन र भेलामा सहभागिले खानपानमा समेत विशेष सजग हुनपर्ने उनले बताए ।

उनले भने, 'जाडो महिना सुरु हुँदैमा झाडापखाला लाग्दैन भन्ने नसोचौं । जथाभावी खानपानले वान्ता र झाडापखालाको संक्रमण हुन सक्छ ।' रुघाखोकी ज्वरोको लक्षण देखिएको शंकास्पद व्यक्ति भीडमा सहभागी नहुन चिकित्सकहरुको सुझाव छ । साथै सकेसम्म सामाजिक दूरी कायम राख्ने, मास्क प्रयोग गर्न र सरसफाइमा ध्यान दिनुपर्ने उनीहरु बताउँछन् ।

उम्मेदवार, दलसँगै निर्वाचनमा सहभागी हुने कर्मचारीले पनि स्वास्थ्यको मापदण्ड पालना गर्नुपर्ने चिकित्सकको सुझाव छ । प्रत्येक नागरिकले आफ्नो स्वास्थ्यसँगै अरुको पनि ख्याल गर्नुपर्ने र त्यसका लागि जनस्वास्थ्य मापदण्ड पालना गर्नु नै पहिलो सर्तहुने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका पूर्वनिर्देशक डा. भण्डारीले भण्डारीको राय छ ।

यता निर्वाचन आयोगले भने स्वास्थ्य सतर्कता अपनाउन आफूहरु लागिपरेको बताउँछन् । 'हामी स्वास्थ्य मापदण्डमा सचेत छौं । राजनीतिक दल र उम्मेदवारलाई स्वास्थ्य मापदण्ड पालना गर्न गराउन आचारसंहितामै उल्लेख छ', आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्याल भन्छन्, 'आयोगले मतदान केन्द्रमा 'स्यानिटाइजर' र मास्कको वितरणसमेत गरेको छ । सामाजिक दूरी कायम राख्न हामीले आग्रह गर्दै आएका छौं ।'

# उच्च मनोबलका साथ चुनावमा केन्द्रित हुनुहोस्: महानिरीक्षक अर्याल

**काठमाडौं/मस–** सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बलको बाहिनी, गण तथा गुल्म कमाण्डहरुलाई प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न प्रतिबद्धताका साथ लाग्न निर्देशन दिएका छन् ।



भर्चुअल माध्यमबाट देशभरका कमाण्डहरुलाई एकैसाथ निर्देशन दिँदै महानिरीक्षक अर्यालले निर्वाचनका बखत कार्यक्षेत्रमा खटिँदा आइपर्ने जस्तोसुकै चुनौतीको सामनाका लागि तयार हुन पनि आग्रह गरे । उनले निर्वाचनको दौरानमा बल प्रयोग गर्नुपरेमा बल प्रयोगको सिद्धान्तअनुसार सबै प्रकारका सावधानी अपनाएर जिम्मेवारी पूरा गर्न र कुनै पनि कमि कजोरी भएमा स्वयं युनिट कमाण्डर जवाफदेही हुनुपर्ने बताए ।

अर्यालले सवारीसाधनको उचित प्रयोग, त्यसमा अपनाउनुपर्ने सावधानी र न्यूनतम स्रोतसाधनको अधिकतम प्रयोग गर्दै भोग, प्यास र थकानको परवाह नगरी २४सै घण्टा क्रियाशील रहन सशस्त्र प्रहरी कर्मचारीलाई अनुरोध गरे । राष्ट्रको यस महान अभियानमा उच्च मनोबल र हौसलाका साथ कार्यक्षेत्रमा खटिन निर्देशन दिँदै उनले भने, 'निर्वाचनका बेला सुरक्षा कमीकमजोरी क्षमा हुने छैन ।'

निर्वाचनको समयमा फिल्डमा खटिँदा सामान्यभन्दा सामान्य त्रुटी आफूले सुन्न र देख्न नचाहेको उनले बताए ।

महानिरीक्षक अर्यालले बन्दोबस्तीलगायत अन्य भौतिक व्यवस्थापन भइसकेको जानकारी गराउँदै उच्चतम र भरपूर प्रयोग गर्न निर्देशन दिए । सो क्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले निर्वाचनको समयमा हुनसक्ने समस्या, चुनौती तथा कार्यक्षेत्रमा खटिँदा अपनाउनुपर्ने कार्यशैलीबारे मातहत कमाण्डरलाई जानकारी गराएका थिए ।

# भूकम्प पीडितलाई एनआरएनएको सहयोग

**काठमाडौं/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले डोटीका भूकम्प पीडितलाई राहत सामग्री वितरण गरेको छ । एनआरएनएको आयोजना तथा कैलाली उद्योग वाणिज्य संघ र डोटी उद्योग वाणिज्य संघको संयुक्त सहकार्यमा भूकम्प पीडितलाई राहत सामग्री वितरण गरिएको हो ।

जिल्ला विपत् व्यवस्थापन समितिमार्फत भूकम्प पीडितलाई रु साढे तीन लाखभन्दा बढी बराबरको राहत सामग्री सहयोग गरिएको एनआरएनएका कार्यकारी अध्यक्ष रवीना थापाले जानकारी दिए । एनआरएनएले खाद्यान्न र लत्ताकपडा उपलब्ध गराएको छ । एनआरएनएले २०७२ सालको गोरखा भूकम्पबाट पीडितलाई विभिन्न जिल्लामा सहयोग गरेको थियो । यही कात्तिक २२ गते गएको भूकम्पबाट डोटीमा ६ जनाको मृत्यु भएको थियो ।



### भूकम्पका कारण एकको मृत्यु, पालिकाद्वारा राहत

शनिबार राति गएको भूकम्पका कारण बैतडीमा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्लाको डिलाशैनी गाउँपालिका-१ सेल्तडाका ६६ वर्षीय हरि लुहार रहेका छन् । हरिको गए राति गएको भूकम्पका कारण मृत्यु भएको गाउँपालिका अध्यक्ष सन्तोषप्रकाश जोशीले जानकारी दिए । उनले भने,'भूकम्प जाने बेला घरभित्रै रहेका वृद्ध बाहिर भाग्ने क्रममा मृत्यु भएको हो ।' मृतकका परिवारलाई गाउँपालिकाले किरिया खर्च स्वरूप रु २० हजार र बन्दोबस्तका सामग्री पनि हस्तान्तरण गरेको जोशीले बताए ।

# रौतहटका ५ जनप्रतिनिधिलाई एमालेको स्पष्टीकरण



**काठमाडौं/मस–** स्वतन्त्र उम्मेदवार प्रभु साहलाई चुनावमा सहयोग गरेको कारण रौतहटमा पाँच जना जनप्रतिनिधिको पद धरापमा परेको छ । प्रभु साहको श्रीमती मौलापुर नपाकी मेयर रिना साह, उपमेयर नागेन्द्र राय यादव, देवाही गोनाही नपाको मेयर प्रेमलाल साह, उपमेयर परनीया देवी पटेल र गरूडा नपाको मेयर कन्थमनी प्रसाद जयसवालले नेकपा एमालेको विधान विपरीत स्वतन्त्र उम्मेदवार प्रभु साहको चुनावी प्रचारप्रसारमा संलग्न भएको भन्दै स्पष्टीकरण सोधिएको छ ।

एमालेले २४ घण्टाभित्र स्पष्टीकरण बारे जानकारी गराउन पत्र काटिएको जनाएको छ । चित्त बुझ्दो जवाफ नआए बाध्य भएर पार्टीले कारबाही गर्ने चेतावनी दिएको हो । प्रभु साहले नेकपा एमालेको टिकट लिएर पनि रौतहट ३ मा स्वतन्त्र उम्मेदवारी दर्ता गरेका थिए । उनलाई सत्तारुढ गठबन्धनका दलले समर्थन गरेका छन् ।

# 'बैंकको ब्याजदर एकल अंकमा हुनुपर्छ'

**काठमाडौं/मस–** नेपाल राष्ट्रिय व्यवसायी महासंघले बैंकको ब्याजदरमाथि केन्द्रीय बैंकले हस्तक्षेप गर्नुपर्ने बताएको छ । महासंघका अध्यक्ष कुमार कार्कीले प्रेस विज्ञप्ति जारी गर्दै बैंकहरू अचाक्ली ब्याजदर बढाएको भन्दै हस्तक्षेप जरुरी रहेको बताए ।

महासंघले बैंकको ब्याजदर एक अङ्कमा सीमित हुनुपर्ने जनाएको छ । बैंकहरुले संकटको बेला ब्याज बढाएर सामान्य मानवीयता समेत ख्याल नगरेको भन्दै महासंघले लिलामीको ३५ दिने सूचनालाई बढाएर छ महिना बनाउनुपर्ने माग गरेको छ ।

'संकटको अवस्थामा सामान्य मानवीयता पनि नहेरी पत्रपत्रिकामा ३५ दिने सूचना निकाल्ने र करोडौं मूल्य पर्ने सम्पत्तिलाई थोरै ऋण लिएका भरमा लिलामी गरेर वित्तीय संस्थाले असुल गर्ने कोसिस गरेको पाइएको छ', अध्यक्ष कार्कीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'धितोलिलाम गर्ने सूचना ३५ दिन होइन कम्तीमा पनि ६ महिना हुनुपर्छ र लिलामी गर्नुअघि ऋण चुक्ता गर्न एक वर्षको अवधि दिनुपर्छ ।'

# संकटापन्न बगाले बगेडी चरा संरक्षणमा चिन्ता व्यक्त

**लेखनाथ/मस–** पर्यावरण र जैविक विविधतामा महत्त्व राख्ने संकटापन्न बगाले बगेडी चरा संरक्षणमा स्थानीय तहअन्तर्गतका सरोकारवाला निकायका प्रतिनिधिले जोड दिएका छन् ।

पोखरा पन्छी समाजको संयोजकत्वमा आइतबार पोखराको लेखनाथमा आयोजित बगाले बगेडी चरा संरक्षणसम्बन्धी गोष्ठीमा बगाले बगेडी चरासम्बन्धी अनुसन्धानकर्ता अनिषा राणाले साइबेरियन क्षेत्रबाट जाडो छल्न नेपाल आउने उक्त प्रजातिको चरा विश्वव्यापी तथा राष्ट्रियस्तरमै अत्यन्त न्यून संख्यामा रहेको बताए ।

कात्तिक महिनाको अन्त्यमा नेपाल आउने आगन्तुक बगाले बगेडी चरा छ महिना नेपालमै बसेर जेठ महिनामा साइबेरियातर्फ नै फर्किने गर्छन् । पोखराका केही तालको सिमसार क्षेत्रमा यिनीहरूको वासस्थान रहने गरेको छ । अनुसन्धानकर्ता राणाले भने, 'सर्वेक्षण गरेअनुसार औसतरूपमा पोखराको फेवा तालमा दुई सय ३० वटा, गुँदे तालमा १२ वटा र खाष्टे तालमा १३ वटा बगाले बगेडी भेटिएको छ । अन्य छ वटा तालमा यो चरा भेटिएको छैन । सिमसार क्षेत्र, कृषि भूमि र घाँसे मैदानमा उक्त चराको वासस्थान रहने गर्छ ।'

बगाले बगेडी चरा भँगेरा आकारको रंगीन र आकर्षक चरा भएको जानकारी अर्का अनुसन्धानकर्ता अमृत पौडेलले दिए ।

उनका अनुसार यो औसत तौल २२ ग्राम र लम्बाइ १४ देखि १६ सेन्टिमिटर भएको सानो चरा हो । जाडो मौसममा रुस, मङ्गोलिया, चीनलगायतबाट बसाइँसराइ गरेर नेपालमा आउने गर्दछ । यसको औसत आयु सात वर्ष रहेको छ ।

पछिल्लो समय मानिसले मासुका लागि यस चराको बढी शिकार गर्न थालेपछि अहिले यो चरा विश्वमै अतिसंकटापन्न अवस्थामा पुगेको छ । हरेक वर्ष चीनमा मनाइने 'बाउल फेस्टिभल' मा यसलाई खाने गरिन्छ ।

# निर्वाचन सुरक्षा बुझ्न मुख्य सचिव कर्णालीमा

**कर्णाली/मस–** कर्णाली प्रदेशको निर्वाचन सुरक्षा बुझ्न मुख्य सचिव शंकरदास बैरागी नेतृत्वको उच्च अधिकारीहरुको टोली कर्णालीमा पुगेको छ । निर्वाचन अनुगमन तथा सुरक्षाको व्यवस्थाको अवस्था बुझ्न मुख्य सचिव बैरागी, गृहसचिव विनोदप्रकाश सिंह, रक्षासचिव किरणराज शर्मा र प्रधानमन्त्री कार्यालयका सचिव मधुकुमार मरासैनी, नेपाली सेनाका उपरथी अशोकराज सिग्देलसहितको टोली कर्णालीमा नेपाली सेनाको हेलिकप्टरमा जुम्ला पुगेको हो ।



जुम्लाका प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केसरीले सचिवहरुको टोलीले जुम्लामा निर्वाचन र सुरक्षाको तयारीका विषयमा जिल्ला सुरक्षा समितिसँग छलफल तथा आवश्यक निर्देशनसमेत गरेको छ । उनका अनुसार नेपाली सेनाको २४ नं वाहिनी जुम्लामा कर्णाली र जिल्लाको निर्वाचन तयारी तथा सुरक्षाको विषयमा छलफल सम्पन्न गरेको हो ।

छलफलमा नेपाली सेनाको २४ नं वाहिनीका वाहिनीपति रामचन्द्र केसीले साबिक कर्णालीको पाँच जिल्लाको सुरक्षा अवस्था र तयारीको तथा प्रमुख जिल्ला अधिकारी केशरीले जुम्ला जिल्लाको सुरक्षा अवस्था र तयारीबारे जानकारी गरेको जनाइएको छ ।

छलफलका क्रममा मुख्य सचिव बैरागीले अहिले सरकारको लक्ष्य नजिकिँदै गरेको निर्वाचन भएकाले जिल्लामा स्थानीय प्रशासनसहित सबै सुरक्षा निकायका प्रमुखलाई समन्वय सहकार्य गरेर अगाडि बढ्न निर्देशन गरेका प्रजिअ केसरीले बताए । नेपाल सरकारको उच्चस्तरको सरकारी टोलीले निर्वाचन र सुरक्षाका विषयमा आवश्यक निर्देशनसमेत गरेको प्रशासनले जनाएको छ ।

नेपाली सेना नन्दाबक्स गणका गणपति रविन थापाका अनुसार मुख्य सचिवसहितको उच्चस्तरको सरकारी अधिकारीहरुको टोली जुम्ला, हुम्ला हुँदै मुगु बस्ने तालिका रहेको छ । उनका अनुसार सोमबार उक्त टोली निर्वाचनको अनुगमन गर्न सुदूरपश्चिम प्रदेशतिर लाग्ने तालिका रहेको छ ।

# मतदान एवं सहायक अधिकृतलाई तालिम

**तनहुँ/मस–** आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत तनहुँमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई शनिबार र आइतबार गरी दुई दिन तालिम प्रदान गरिएको छ ।

मतदान केन्द्रमा खटिने छ सय १० मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम प्रदान गरिएको हो । शनिबार निर्वाचन क्षेत्र नं १ मा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसमा तालिम प्रदान गरिसकिएको छ भने आइतबार निर्वाचन क्षेत्र नं २ को भानुभक्त बहुमुखी क्याम्पसमा तालिम सञ्चालन गरिएको छ ।

प्रदेश निर्वाचन कार्यालय पोखराले आयोजना गरेको दुई दिने तालिमपछि कर्मचारीलाई निर्वाचन सामग्रीसहित मतदान केन्द्रमा खटाइने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्लाको एक सय ४२ वटा मतदानस्थलमा तीन सय पाँच मतदान केन्द्र रहेका छन् । चुनावमा गर्नुपर्ने सबै कामका विषयमा जानकारी दिएर उनीहरूलाई मतदान केन्द्रमा खटाइने जिल्ला निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए ।

प्रत्यक्षतर्फ र समानुपातिक उम्मेदवारका लागि मत राख्ने तरिका, भीड नियन्त्रण, मसी लगाउने, नाम रुजु गर्ने, दोहोर्‍याएर मत हाल्न आएमा अपनाउनुपर्ने तरिका, मतदाताले गोप्य रूपमा मतदान गर्न पाउने मताधिकारलाई सुरक्षित तबरबाट प्रयोग गर्ने विषयमा प्रशिक्षण दिइएको उनले बताए । ढकालका अनुसार मङ्सिर १ गते सबै मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सुरक्षाकर्मी र कर्मचारी खट्नेछन् ।

**Barbardiya Municipality**

**Office of Municipal Executive**

**Jaynagar, Bardiya**

**Lumbini Province, Nepal**

**Invitation for Online Bids**

**Date of publication:2079/07/28 12:00 AM**

Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bids from eligible bidders for the construction of following works under National Competitive Bidding. Bidders may obtain further information by visiting the website:www.bolpatra.gov.np/egp

| Contract ID No. | Description of works | Bid security Amount (Nrs) | Bid document fee(Nrs) | Remarks |
|---|---|---|---|---|
| BMO/NCB/WORK/03/2079-80 | Ruplal marga asphalt black top road, aauri to sonpur road | 4,00,000.00 | 3,000.00 | Bid security should be valid for 120 days |
| BMO/NCB/WORK/04/2079-80 | Sahid marga(jaynagar to sani bazar asphalt black top road) | 4,00,000.00 | 3,000.00 | Bid security should be valid for 120 days |
| BMO/NCB/WORK/05/2079-80 | Sahid bishnu dhani bahuprabidhik sikshayalay, ward no.06 | 4,00,000.00 | 3,000.00 | Bid security should be valid for 120 days |

**Rajshwo Account No: 1122052498251007** **NIC ASIA Bank,**

**Dharautti Account No:1122052498251010** **Magragadhi Branch, Bardiya**

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२८ कातिक २०७९, सोमबार
14 November 2022, Monday

## सम्पादकीय

# शान्तिपूर्ण अपिल शक्ति

सत्ता र विपक्षी दलका शीर्ष नेताहरूले सम्बोधन गरेर फर्किएको दार्चुलामा झपड भएको छ । सत्तारूढ गठबन्धन र विपक्षी नेकपा एमालेका कार्यकर्ताबीच झपड भएको हो । झडपमा परी केही घाइते भएको स्थानीय प्रशासनले जनाएको छ । दार्चुलाबाट कात्तिक १८ गते एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रचारप्रसार अभियानकै उद्घाटन गरेका थिए । लगत्तै प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति र सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संयुक्त सम्बोधन गरे । ओलीले प्रचार थालेकै स्थानमा देउवा र प्रचण्डले संयुक्त सभा गरेर मत मागेका थिए । मत माग्न मात्रै नभएर शीर्ष नेताहरूले आरोप–प्रत्यारोप समेत गरेका थिए । ओलीले लिम्पियाधुरा सहित समेटिएको नेपालको नयाँ नक्सा प्रकाशनको श्रेय लिएका थिए ।

सँगै ओलीले सत्ता गठबन्धनले नक्सामा समेटिएको भूमि फिर्ता गराउन नसक्ने दावी समेत गरेका थिए । ओलीले नक्सा जारी गरेको तथ्य प्रस्तुत गर्दै आफू राष्ट्रवादी भएको र अहिलेको सत्ता गठबन्धनलाई भारत परस्तको आरोप लगाएका थिए । त्यहाँ भएको यो आरोपप्रत्यारोपको असर राष्ट्रिय राजनीतिमै परेको छ । एक किसिमले तिक्ततापूर्ण सम्बन्धका साथ दुई गठबन्धन चुनावी प्रतिस्पर्धामा देखिएका छन् । त्यही तिक्तताको परिणाम दार्चुलाको झडप थियो । मुलुक भर्चुअल माध्यमतर्फ तीव्रतर अगाडि बढिरहेको बेला भएको यस्तो झडपलाई ध्यान दिन जरूरी छ । किनकि प्रचारकै लागि अहिले भौतिक माध्यम भन्दा भर्चुअल माध्यम प्रभावकारी बनिरहेको छ ।

तर अशान्तिको कारण दलहरू नै बन्ने खतरा देखिनुले चुनावी प्रतिस्पर्धा प्रभावित बन्न सक्नेछ । अर्कातिर चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने चढेको गाडी तोडफोड भएको छ । उनी त्यहाँ आक्रामक प्रचार गरिरहेका थिए । लामिछानेले दलहरूप्रति चर्को आलोचना गर्दै आएका छन् । तिनै लामिछानेको गाडी तोडफोड हुनुलाई सम्बन्धित निकायले चासोका साथ हेरेको देखिन्छ । निर्वाचन आयोगले आइतबार नै बक्तव्य जारी गरेर यसतर्फ ध्यानाकर्षण जनाएको छ । यी घटनाले नेतृत्वकै कारण स्थानीय तहमा तनाव बढ्न सक्ने अनुमान लगाउन सकिन्छ । जबकी शान्तिपूर्ण र मर्यादित प्रचार नै मतदाताको मन छुन पर्याप्त छ । आजको भर्चुअल मतदातालाई शान्तिपूर्ण अपिल भन्दा प्रभावकारी माध्यम अरू हुन सक्दैन । त्यसैले नेतृत्व नै सम्हालिन जरूरी छ । मतदाताको राजनीतिक अधिकार कार्यान्वयन गर्न पनि यो आवश्यक हो ।

# कोप सम्मेलन र जलवायु परिवर्तन

*जलवायु परिवर्तनमा मानव क्रियाकलाप मुख्य कारण हो । हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि हुँदा वायुमण्डल तात्ने हुनाले स्थान विशेषरूपमा जलवायु परिवर्तनबाट प्रभावित हुन्छ र अतिवृष्टि, अनावृष्टि, ऋतुकालको छिटो परिवर्तन हुन्छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

### विषय प्रवेश

जलवायु परिवर्तन र यसको प्रभावबारे बहस गर्न यही नोभेम्बर ६ देखि १८ सम्म इजिप्टमा कोप-२७ सम्मेलन भइरहेको छ । सन् २०२१ अक्टोबर ३१ देखि नोबेम्बर १२ सम्म बेलायतस्थित स्कटलैण्डको ग्लास्कोमा कोपको २६ औं अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो र यसमा नेपालको उच्चस्तरीय प्रतिनिधि मण्डलले पनि भाग लिएको, र नेपालको तर्फबाट मूल १० एजेण्डा प्रस्तुत भएको थियो । जलवायु परिवर्तन सम्बन्धी राष्ट्रसंघीय महासन्धिका पक्ष देशहरुको २५ औं सम्मेलन भने अघिल्लो मंसिरमा चिलीको सान्टियागोमा गरे भने त्यसको पूर्वसन्ध्यामा भूटानको थिम्पुमा अति कम विकसित देश भनौं एल.डि.सि.का देशहरुले वातावरण, वन, जलवायु परिवर्तन सम्बन्धित मन्त्री, उच्च अधिकारी एवम् विज्ञहरुले हरित ग्याँसको उत्सर्जन कम गर्ने नीति र कार्यक्रम बनाउन सबैलाई ध्यानाकर्षण गराएका थिए । यसमा मूल विषय विश्वको तापक्रम सरदर १:५ डि.से.भन्दा बढ्न नदिने थियो ।


साँच्चै अहिले विश्वव्यापीरूपमा बढेको जैविक विविधताको ह्रासका कारण संयुक्त राष्ट्र संघीय दिगो विकासका लक्ष्यहरु अलपत्र पर्न सक्ने शंका छ, यसमा नेपाल अछुतो छैन । अहिले सबैतिर सिमसार भनौ नदी, वन, जलाशयको अतिक्रमण बढेको छ । ध्वनि, वायु एवम् जल प्रदूषणका कारण कडा रोगको उच्च जोखिममा छौं हामी । कोरोना नसेलाउँदै हामीलाई देशैभरि डेंगो रोगले सतायो । मनाव आवत जावत, सवारी चाप समेतका कारण अप्पर मुस्ताङ्ग, डोल्पालगायतका हिमालीक्षेत्र समेत यसबाट प्रभावित बन्न पुग्यो र पंक्ति तयार गर्दासम्म डेंगोबाटै तीन दर्जन बढीको ज्यान गइसकेको छ, प्रभावित हुनेको संख्या हजारौं छ र यसपालिको दशैंलाई धेरैले डेंगो दशैं भने ।

### कमजोरी

मौसम पूर्वानुमान सूचना प्रणालीको प्रभावकारिता नभएको, रैथाने खेती, बालीको संरक्षण, बाँझो जमिनमा वैकल्पिक खेती, बालीमा आवश्यतानुसार परिवर्तन, मकै, तोरी, दलहन, अकबरे खुर्सानी नहुने क्षेत्रमा चिया, कटुस, ओखरको सम्भावना परीक्षण गर्न नसकिएको जस्ता समस्या हाम्रा अगाडि छन् । सडक, विमानस्थल, पुल आदि पूर्वाधारमा वातावरणीय प्रभाव मूल्यांकनप्रति वेवास्ता, वन विनाशको रोकथाम गर्न नसकेको, जनचेतना, फोहोरमैलाको आधुनिक व्यवस्थापन, पूर्वाधार जिर्माणमा बजेट तान्ने प्रतिस्पर्धाभन्दा पनि आवश्यकता र औचित्य, रुख कटानीमा रोक, पानीको मुहानको संरक्षण नहुने समस्या छ । त्यस्तै सम्बन्धित निकायहरुकाबीच समन्वय नभएको, आहार संस्कृतिमा परिवर्तन नभएको, बालीको ठूलो क्षति वर्षाले खेती, बालीको डुबानम परेको, फोहोर व्यवस्थापनामा सबै बेखबर, भोकमरीको समस्याले विस्थापित हुनु पर्ने डर छ हामीसँग । सन् १९६८ सम्मको तथ्यांक हेर्दा, असोज शुरुमै मनसुन बिदा हुने गरे पनि, सन् २००० सम्म पनि प्राय सेप्टेम्बरमै मनसुन बिदा हुने गरेको तर, केहीपछि त अक्टोबरमा मात्र मनसून बाहिरिने गरेकोले पनि प्रकृतिको ताण्डव नृत्य हेरिरहनु पर्ने अवस्था छ ।

### सभ्यताको उकालो

मानव सभ्यताको इतिहास ५५ करोड वर्ष पुरानो भइसकेको छ । जब मानवले बस्ती बसाउँदै आयो उसले आफूलाई नदी, जलाशय, खोलानालाकै छेउ रुचायो । अहिले पनि वर्षाले मेलम्चीलगायत कति स्थानहरुको पुनरुत्थान भइसकेको छैन, कति सखाप भयो बस्ती । इन्दस नदीको वरपर हिन्द, मिश्र, रोम, मेसोपोटामिया सबै मानव सभ्यता सिमसार, नदी वरपरबाटै सुरु भएको हो । प्रसिद्ध शहर न्यूयोर्क, लण्डन, संघाइ, ढाका, दिल्ली, क्वालालम्पुर र हाम्रै राजधानी काठमाडौं शहर बस्ती बस्नु पूर्व यहाँ रहेको पानीलाई चोभारको डाँडो काटी पानी बाहिर पठाई शहर बसालिएको हो । काठमाडौं उपत्यका मात्र होइन हाम्रा मुख्य शहर भद्रपुर, चन्द्रगढी, दमौली, पोखरा, विदुर, जोमसोम, नारायणघाट, बुटवल, वेनी, महेन्द्रनगर सबै नदी खोला नजिकै छन् । कार्बन उत्सर्जनको प्रमुख कारक मानिस नै हो । उत्सर्जन कार्बन जल, जमिन र वायुले सोसेर लिन्छ । तर, जल, जमिन, वायुलाई यसले ठूलो असर पुऱ्याउँछ । हिजोआज देशमा माटो छोप्ने डोजरे विकास बढेको छ । माटो गलेको छ, बाढी, पहिरो बढेको र सवारी दूर्घटना पनि बढेका छन् । प्रकृतिले कार्वन लिन्छ, अक्सिजन दिन्छ । तर मानवको अभिन्न अंग प्रकृतिको चरम दोहन बढेको छ । चुरेक्षेत्रको बालुवा, ढुंगा निकासी गर्ने गरी सरकारले ल्याएको बजेटमा व्यापक विरोध समेत भयो । हाल सबैतिर पानी प्रदूषित भई जलचर नपाइनुमा मानव निर्मित प्रदूषण कार्वन उत्सर्जन नै हो ।



*कार्बन उत्सर्जनमा नेपालजस्ता देशहरुको भूमिका कम भए पनि हिमाली क्षेत्र ओगटिएका हामीजस्ता देशलाई जलवायु परिवर्तनको समस्याले भने ग्रसित बनाउँदै छ । स्टक होममा नेपालको उपस्थिति नभए पनि रियोमा उपस्थित भएदेखि नै नेपालले आफ्ना समस्याहरु विश्वस्तरमा राखेको हो र पनि यसको प्रभाव न्यूनीकरण भएको छैन, बरु बढेको छ ।*

### नेपालको अवस्था

नेपालको अधिकतम तापक्रम हरेक वर्ष औसत ०.०६ डि.से.ले बढेको छ । अन्य क्षेत्रको तुलनामा हिमाली क्षेत्रमा यसको दर बढी छ । विश्व जनसंख्याको ०.४ प्रतिशतमात्र नेपालमा बस्छन्, विश्वको कुल हरितगृह ग्याँसको करिब ०.०२५ प्रतिशत मात्र नेपालले उत्सर्जन गर्छ तथापि वायुमण्डलमा नेपाल उच्च जोखिममा छ । विगत एक शताब्दीमा नेपालको उच्च भूभाग हिमाली क्षेत्र सगरमाथाको हिमभाग ३३० फिट गलेको छ । सयौं तालहरु फुट्ने सम्भवनामा छन् । नेपालको वार्षिक वर्षा क्रममा व्यापक हेरफेर भऐको छ, लामो समय खडेरी पनि छ, तीव्र वर्षा पनि छ । अहिले रात र दिन दुबैमा चिसो कम छ । १०० मि.मि.भन्दा बढी पानी पर्ने दिन बढ्दै छ । हावाहुरीको ताण्डव नृत्य छ, भूस्खलनले मलिलो माटो खेर गएको छ । जलवायु परिवर्तनकै कारण कृषि, जलस्रोत, वन, जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन र समग्र पूर्वाधारमै प्रभाव पारेको छ । तराई, पहाड र हिमाली क्षेत्रमा सबैतिर परेको असर र प्रभावको यकिन तथ्यसमेत हामीकहाँ छैन ।

जलवायु परिवर्तन बारेको चेतना, अनुकूलनका अभ्यास र नवीकरणीय ऊर्जाको प्रयोग र प्रवर्द्धन गर्न जानेनौं हामीले । सन् २००९ देखि मात्र मुलुकले जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय एजेण्डामा प्रवेश गरेको हो । अन्तरिम योजना २०६४ ले मात्रै वातावरण व्यवस्थापन एवम् जलवायु परिवर्तनको विषयलाई प्रत्यक्ष सम्बोधन गरेको हो । दिगो विकास एजेण्डा २०५९ र सहस्राब्दी विकास लक्ष्य २०५८ ले भने केही सम्बोधन गरेको थियो । वायुमण्डलमा जल वायु परिवर्तन नियमित प्रक्रिया भए पनि उद्योग र यातायातमा खनिज इन्धनको अधिक प्रयोगले यसको प्रक्रिया थप बढेको हो । आगलागी, चट्याँग र प्रतिकूल मौसममा बाँच्न बाध्य भएका छौं हामी । मनसून बिदा गरिसक्दा गत वर्ष कार्तिकको पहिलो हप्तामै भएको अतिवृष्टिले पाकेको धान मात्रै करिव आठ अर्ब बराबरको क्षति पुऱ्याएको आँकडा आयो भने झण्डै सवा सय मानिसको मृत्यु भयो । यस वर्षको असौजको दर्द हेर्दा हृदयमा थप कम्पन हुन्छ । प्रकृतिको यो वितण्डाले देशमा खाद्य संकट थपिने, महँगी वृद्धि हुने, भोकमरीको समस्या थपिने, देश संकटमा पर्न सक्नेछ ।

### विगतलाई हेर्दै सचेत रहनु पर्ने

संसारमै सजिव प्राणीको अस्तित्व संकटमा भएको आकंलन त संसारले झण्डै ३१ वर्षअघि नै गरेको थियो । जलवायु परिवर्तनबारे चासो राख्दै दुई दशकअघि विभिन्न देशका प्रतिनिधिहरु, सरकार प्रमुखहरुको भेला भएको हो । जलवायु परिवर्तनसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय महासन्धीअन्तर्गत पक्ष राष्ट्रबीच छलफल भई सन् १९९२ को जुनमा १७२ राष्ट्रका प्रतिनिधि एवम् सरकार प्रमुखको पहिलो औपचारिक बैठक ब्राजिलको रियो द जेनेरियोमा बसेको थियो भने यसअघि नै स्वीडेनको राजधानी स्टकहोममा यसबारे बहस भएको थियो । यसपछि विस्तारै अनतर्राष्ट्रियकरण हुँदै आएको यो विषय अहिले सबैलाई पेचिलो बन्दै आएको छ । कार्बन उत्सर्जनमा नेपालजस्ता देशहरुको भूमिका कम भए पनि हिमाली क्षेत्र ओगटिएका हामीजस्ता देशलाई जलवायु परिवर्तनको समस्याले विषय जटिल बनाउँदै छ । स्टक होममा नेपालको उपस्थिति नभए पनि रियोमा उपस्थित भएदेखि नै नेपालले आफ्ना समस्याहरु विश्वस्तरमा राखेको हो र पनि यसको प्रभाव न्यूनीकरण भएको छैन, बरु बढेको छ ।

जलवायु परिवर्तनमा मानव क्रियाकलाप मुख्य कारण हो । हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि हुँदा वायुमण्डल तात्ने हुनाले स्थान विशेषरूपमा जलवायु परिवर्तनबाट प्रभावित हुन्छ र अतिवृष्टि, अनावृष्टि, ऋतुकालको छिटो परिवर्तन हुन्छ । बेमौसममा गुराँस फुलेको देखियो । बेमौसमका खानेकुरा खान खूब सोख हुन्छ हामीलाई तर, कति घातक छ, चासो छैन । कति बिरामी भइयो थाहा छैन । प्रत्यक्ष प्रभाव पर्ने त हामी जस्ता गरिब, विकासोन्मुख, भूपरिवेष्ठित र पर्वतीय मुलुकमै हो । हाम्रो इकोसिस्टममा परेको प्रभावबाट पनि सहजै अनुमान गर्न सकिन्छ ।

विसं २०७५ मा पूर्ववडा अध्यक्ष हिमबहादुर ओलीको पहलमा स्थापना भएको उक्त बाल कोषबाट डम्बर र सरस्वती मात्रै होइन वडा नं ६ का २४ जना विभिन्न जोखिम तथा गरिबीको रेखामुनी रहेका बालबालिकाले शिक्षा, स्वास्थ्यलगायतमा सहयोग पाउँदै आएका छन्। वडा नम्बर ६ मा रहेको बालसंरक्षण कोष प्रभावकारी बन्दै गएको छ। जोखिम तथा गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाको शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सहयोग गर्ने उद्देश्यले स्थापना भएको कोष प्रभावकारी बन्दै गएको हो।

वडा नं ६ का पूर्ववडा अध्यक्ष हिमबहादुर ओलीले आफ्नो एक महिनाको सेवासुविधासहित स्थानीय सहयोगबाट कोष स्थापना गरिएको बताउछन्। कोषमा सेभ द चिल्ड्रेन, सामाजिक सेवाकेन्द्र (सोसेक) नेपालले पनि सहयोग गरेको उनी बताउछन्। बालबालिकाका क्षेत्रमा काम गर्दै आएको सामाजिक सेवा केन्द्र (सोसेक) नेपालले जोखिम, असाय बालबालिकाको शिक्षा, स्वास्थ्यलगायतमा सहयोग गर्दै आएको संस्थाका बालसंरक्षण संयोजक निर्मल अधिकारीले बताए।

कोषमा जम्मा भएको रकम अहिले सहकारीले चलाइरहेको छ। स्थानीय नवयुग सहकारी संस्थामा जम्मा भएको रकमलाई सहकारीले १२ प्रतिशत व्याज दिने गरेको छ। उक्त व्याजबाट आउने रकम असाय र जोखिम बालबालिकाको शिक्षा, स्वास्थ्यमा खर्च गर्ने गरिन्छ। कोषमा अहिले रु एक लाख ४० हजार जम्मा भएको छ।

कोष स्थापनापछि गुराँस गाउँ कार्यपालिकाबाट निर्णय नै भएर त्यसलाई अझै प्रभावकारी बनाउने निर्णय यसअघि नै भइसकेको भन्दै वडाध्यक्ष चन्द्रबहादुर रानाले बालकोषलाई व्यवस्थित गर्न कार्यविधि बनाउने तयारी गरिएको जानकारी दिए। उनले कोही पनि बालबालिका शिक्षा, स्वास्थ्यबाट वञ्चित हुन नदिने अठोट रहेको भन्दै कोषको आकार ठूलो बनाउन सहयोगी निकायसँग पनि समन्वय गरिने बताए।

## चित्त बुझ्ने गरी सुकुम्बासी समस्या समाधान गर्छु : नेता सिंह



**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता एवं क्षेत्र नं १ मा कांग्रेसबाट प्रतिनिधिसभाका उम्मेदवार प्रकाशमान सिंहले सुकुम्वासी समस्या समाधानका लागि पहल गर्ने बताउका छन्। समस्या समाधानका लागि भूमिआयोग बनेको र त्यसले दिने प्रतिवेदनलाई आधार मानेर समस्याको समाधान निकाल्ने उनले बताए। नेता सिंहले भने, 'भूमि आयोगले काम सुरु गरिसकेको छ, निर्वाचनका कारण अहिलेलाई रोकिएको छ।'

थापाथलीस्थित बागमती नदी किनारको बस्तीमा आयोजित कार्यक्रममा उनले प्रतिवेदन आइसकेपछि त्यसको अध्ययन गरेर स्थायी समाधान निकाल्ने प्रतिबद्धता जनाए। समस्या समाधान गर्दा जबरर्जस्ती नभइ भूमिहीनको पनि चित्त बुझाएर गर्ने उनको प्रतिबद्धता छ। मतदाताले सरकारी कार्यालयका कामकाज झन्झटिलो र ढिलो भएको भन्ने गुनासो गरेको भन्दै उनले सरल र छिटोछरितो बनाउन पहल गर्ने उल्लेख गरे।


**MALAYSIA मा रोजगार** | १. कम्पनी: F & B STATION RESTAURANT
शहर: Malaysia, PERDAGANGAN

पूर्व स्वीकृत मिति: २०७९/०७/२७ चलानी नं.: ६०१९११५३ LT. No.: 275394

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 10 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AWESOME ACE SDN BHD शहर: Malaysia, SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०७/२७ चलानी नं.: ६०१९११५२ LT. No.: 275393

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 40 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ५ गते (21 November 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Blue Ocean Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com


### मर्स्याङ्दी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति: २०७९/०७/२८)

यस कार्यालयबाट मिति २०७९।०७।०६ मा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र E-Bidding मार्फत प्राप्त हून आएका दरभाउ पत्रहरु मध्ये मुल्यांकन समतिको निर्णय अनुसार तपसिल बमोजिमको दरभाउपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| दरभाउपत्र नं. | कामको विवरण | दरभाउपत्र दाताको विवरण | जम्मा कबोल अंक रु. |
|---|---|---|---|
| 05/SQ/MRM /2079-80 | Procurement and Supplying of Medicines and Surgical Materials | Dalima Medisales Babarmahal, Kathmandu | ७,९५,१२८.८० |

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
### सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
### पूर्वाधार विकास कार्यालय, मोरङ
प्रदेश नं.१, विराटनगर

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(सूचना प्रकासित मिति : २०७९-०७-२८)

यस कार्यालय बाट मिति २०७९-०५-२७ गतेको सौर्य दैनिकमा प्रकाशित बोलपत्र आब्हानको सूचना अनुसार मिति २०७९-०६-२६ गते दिउसो १२ बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तथा सोही दिन दिउसो १ बजे खोलीएका वोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागी छनौट भएको हुदाँ सार्वजनिक खरिद एन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

तपसिलः–

| सि.नं | विवरण | छनौट गरीएको बोलपत्र दाता | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|
| 1 | Upgrading of various road in Itahari Municipality (IDO/MOR/NCB/RW–27/079–80) | Maharaji Construction, Gadhi, Sunsari | 1,52,84,825.10 |
| 2 | Upgrading of Inaruwa Nagarpalika 3 ko sadak kalopatre (IDO/MOR/NCB/RW–29/079–80) | Dharmaraj Construction, Inaruwa, Sunsari | 37,95,517.27 |
| 3 | Upgrading of Aaitabare Chalish Bighe Laxmi Chowk Pariwartan Tole Manechowk Samir Naka Safi Lal Tole Bhausabari Bazzar Nepal Tole Sundar Basti Baiyarban Bazzar Narayan Chowk Pingh Danda Shivalaya Tole Sukrabare Hudai Aitabare Bazzar Sadak (IDO/MOR/NCB/RW–30/079–80) | Aarsha Construction Pvt. Ltd , Biratnagar, Morang | 44,83,114.80 |
| 4 | Upgrading of various road in Dharan Municipality (IDO/MOR/NCB/RW–31/079–80) | Lingthep and Co Construction, Dharan, Sunsari | 1,33,58,697.77 |
| 5 | Upgrading of various road in Biratnagar and Buddhiganga Municipality (IDO/MOR/NCB/RW–32/079–80) | Maharaji Construction, Gadhi, Sunsari | 1,50,48,184.17 |


**मलेसियामा रोजगारको अवसर** | कम्पनी: XU ZHI FOOD SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१७२४ L.T. No.: 265605 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 80 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ५ गते (21 November 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 4561353, 456117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

**मलेशियामा रोजगार** GOLDEN EAGLE SECURITY SERVICES SB. , Kualalumpur

पूर्व स्वीकृती मिति: २०७९/०७/२७ L T. No. 275444 चलानी नं. ६०१९११२७

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 100 | काममा दक्ष | 1500 | ४१,८०५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छ | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला।

अन्तरवार्ता मिति: २०७९/०८/०५ गते (2022 November 21)

**NAVAJEEVAN INTERNATIONAL PVT. LTD.**
Lic. No.: 565/062/063
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318

**QATAR मा बैदेशिक रोजगारको अवसर**

१. कम्पनी: DHUBA TRADING CLEANING & HOSPITALITY SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०४/२३ चलानी नं.: ६०१८४८१५ LT. No.: 268890 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General cleaning worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 1 | 0 | | 1000 | ३४,५०० | | | | | | | |
| 3. | Receptionist | 1 | 0 | | 1700 | ५८,६५० | | | | | | | |
| 4. | Secretary | 1 | 0 | | 1700 | ५८,६५० | | | | | | | |

२. कम्पनी: ALIF ONE SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०४/२३ चलानी नं.: ६०१८४८१३ LT. No.: 268889 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Manager | 1 | 0 | स. काममा दक्ष | 5700 | १,९६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Business Excecutive | 1 | 0 | | 3000 | १,०३,५०० | | | | | | | |
| 3. | General Cleaning Worker | 2 | 0 | | 1000 | ३४,५०० | | | | | | | |
| 4. | Labour | 2 | 0 | | 1000 | ३४,५०० | | | | | | | |
| 5. | Labour Services | 1 | 0 | | 1000 | ३४,५०० | | | | | | | |
| 6. | Marketing Representative | 1 | 0 | | 2500 | ८६,२५० | | | | | | | |
| 7. | Purchase Rep | 1 | 0 | | 2200 | ७५,९०० | | | | | | | |
| 8. | Representative | 2 | 0 | | 2500 | ८६,२५० | | | | | | | |
| 9. | Sales Executive | 1 | 0 | | 3000 | १,०३,५०० | | | | | | | |
| 10. | Supervisior | 1 | 0 | | 3000 | १,०३,५०० | | | | | | | |
| 11. | Typist | 1 | 0 | | 1700 | ५८,६५० | | | | | | | |
| 12. | Waiter | 2 | 0 | | 1500 | ५१,७५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ५ गते (21 November 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Winner H.R. Solution Pvt.Ltd.**
Opposite Side of Bhatbhateni Tvs Showroom 3rd Floor
Tel: 01-5911104, 9808182308, 9845398895
Email: winnerhrsolution2078@gmail.com
Gov Lic 1537/078/079

**कतारमा रोजगार** | कम्पनी : ONE ROSE HOSPITALITY SERVICES शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०४/१७ चलानी नं.: ६०१८४३९३ LT. No.: 268534 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1400 | ४८,३१४ | | | | | | | |
| 3. | Foreman | 2 | 0 | | 2500 | ८६,२७५ | | | | | | | |
| 4. | General Supervisior | 1 | 0 | | 2500 | ८६,२७५ | | | | | | | |
| 5. | Super Visor | 1 | 0 | | 2500 | ८६,२७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ५ गते (21 November 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : KIMIA SUCHI SDN BHD शहर : Malaysia, SHAH ALAM

पूर्व स्वीकृत मिति: २०७९/०७/२७ चलानी नं.: ६०१९११५४ LT. No.: 275404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ५ गते (21 November 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले दाताले | रु. १,५००/- कामदारले दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Koperasi International Pvt. Ltd.**
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-6201229
Mob: 9851023473, 9860773210, 9849565069, Email: sarojoli208@gmail.com

# नेपाल–भारत सीमानाका बन्द गर्ने निर्णय




**जनकपुरधाम/मस–** मंसिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुनु ७२ घण्टा अघिदेखि नेपाल–भारत सीमानाका बन्द गरिने भएको छ । भारतको मधुवनी जिल्लास्थित जयनगरमा बसेको दुवै देशका सुरक्षा अधिकारीको संयुक्त बैठकले निर्वाचनको ७२ घण्टा अगाडिबाट सीमानाका बन्द गर्ने निर्णय गरेको हो । खुला सीमानाकाका कारण निर्वाचनको बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले ७२ घण्टा अगाडिदेखि सीमानाका बन्द गर्ने निर्णय भएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए ।

बैठकमा सीमा वारपारको सम्बन्ध, दशगजाको अतिक्रमण, दशगजाको व्यवस्थापन, दुई पक्षको आन्तरिक सुरक्षा, तस्करी, लागुऔषध र मदिरा ओसारपोसार नियन्त्रणलगायतका विषयमा पनि छलफल भएको प्रजिअ पौडेलले बताए । बैठकमा नेपालतर्फको नेतृत्व प्रजिअ पौडेलले र भारततर्फको नेतृत्व मधुवनी जिल्लाका डिएम अरबिन्दकुमार बर्माले गरेका थिए ।

**नमूना मतदानमा १० प्रतिशत मत बदर**

आगामी प्रनितिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी जनकपुरधाम उपमहानगरपालिका-१४ मा गरिएको नमूना करिब १० प्रतिशत मत बदर भएको छ । मतदाता शिक्षा कार्यक्रमअन्तर्गत समग्र विकास सेवा केन्द्रले आयोजना गरेको नमूना मतदानमा खसेको ५५ मतमध्ये पाँचवटा मत बदर भएको समग्र विकास सेवा केन्द्रका सम्झनाकुमारी राउतले जानकारी दिए ।

मतदातालाई सही तरिकाले मतदान गर्ने विधिबारे जानकारी गराउँदै विगतमा हुने मत बदर संख्यामा न्यूनीकरण गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको मतदाता शिक्षा कार्यक्रमअन्तर्गत सो वडाका मतदातालाई सही तरिकाले कसरी मतदान गर्ने, मतपत्रलाई कसरी पट्याउनेलगायतका विषयमा सहजीकरण गरिएको राउतले बताए ।

मतदातालाई समग्र विकास केन्द्रका सहजकर्ता सम्झना राउत, आरती यादव र आर्थी पासवानले घर-घरमा पुगी मतदातालाई निर्वाचन आयोगले तयार पारेको सामग्री फिपकार्ड, ब्रोसरको प्रयोग गरी मतदान गर्ने, मतपत्र पट्याउनेलगायतका बिषयमा सहजीकरण गरेका थिए ।

## स्पाइन सर्जन नेपालको अध्यक्षमा डा. बिजुक्छे



**काठमाडौं/मस–** एशोसिएशन अफ स्पाइन सर्जन अफ नेपालको अध्यक्षमा डा. विनोद बिजुक्छे निर्वाचित बनेका छन् । आठौं महाधिवेशन तथा निर्वाचनले डा. बिजुक्छेको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । उनी यसअघि कार्यसमितिको उपाध्यक्ष थिए । एशोसिएशनको नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा डा. व्यापक पौडेल, महासचिवमा डा. सुरज बज्राचार्य, उपमहासचिवमा डा. ज्ञानेन्द्र शाह, कोषाध्यक्षमा डा राजेशकुमार चौधरी निर्वाचित बनेका छन् । यस्तै चार सदस्यमा डा. दीपक काउछा, डा. सुशील श्रेष्ठ, डा. अनुप पोखरेल र डा. सुवासचन्द्र झा निर्वाचित भएका प्रमुख निर्वाचन अधिकृत डा. गणेश गुरुङले जानकारी दिए । नवनिर्वाचित अध्यक्ष डा. बिजुक्छे ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालका मेडिकल डाइरेक्टरसमेत समेत हुन् । नेपालमा स्पाइन सर्जरीको विकास गर्ने उद्देश्यका साथ सन् २०१२ मा स्थापना भएको उक्त एशोसिएशनमा हाल देशभरका ८१ स्पाइन डाक्टर सदस्य हुन् ।

उक्त एशोसिएशनले स्पाइन सर्जरी उत्तीर्ण विद्यार्थीलाई तालिम प्रदान गर्ने, विश्वका अन्य मुलुकका स्पाइन सर्जरीका सङ्घसंस्थासँगको सहकार्यमा नेपालका विभिन्न अस्पतालमा स्पाइन सर्जरीसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

---

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**योजना तथा अनुगमन महाशाखा**
**भू–वातावरण तथा सामाजिक शाखा**
चाकुपाट, ललितपुर

**बैरेया–बिक्रमसोता–दमार–मान्द्रे–सुपाखोला–खाचिकोट–नुवाकोट–अर्धाकोट–बालकोट सडक अन्तर्गतको बैरेया–सिमलपानी–लेउसे–गहुनेरी–शेरा दमार–बेंशी खण्ड (२०.३४ कि.मि.) निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मितीः २०७९/०७/२३**

लुम्बिनी प्रदेश, कपिलबस्तु जिल्ला, बाणगङ्गा नगरपालिका र अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिकामा भू-वातावरण तथा सामाजिक शाखा, योजना तथा अनुगमन महाशाखा, सडक विभागद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | बाणगङ्गा नगरपालिका - २, बैरेया देखि भालुखोला, सिमलपानी, लेउसे, बेसारे खोरिया, ज्यामिरे, गहुनेरी, शेरा दमार, बगर हुदैं शितगंगा नगरपालिका - १, बेंशी सम्म २०.३४ कि.मी. सडक निर्माण आयोजना (कालोपत्रे) (४.२ स्तरोन्नती र १६.१४ नयाँ निर्माण) |
| **प्रस्तावकको नाम र ठेगाना** | भू-वातावरण तथा सामाजिक शाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर<br>फोनः ०१-५००५५२०, फ्याक्सः ०१-५५२९१०६<br>ईमेलः gesunit@dor.gov.np |
| **प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड** | कपिलबस्तु जिल्ला, बाणगङ्गा नगरपालिका - २<br>अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका - १, २, १३, १४ |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्रिन भ्याली कन्सल्ट्यान्ट प्रा.लि.<br>अनामनगर, काठमाडौं<br>फोनः ९८५१११७४३४<br>ईमेल : consultant.greenvalley@gmail.com |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्वन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जौविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणालि र आर्थिक प्रणालिमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगनामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **राय सुझावको लागि पत्राचार गर्ने ठेगनाः** | **प्रस्तावकको नाम र ठेगाना**<br>भू-वातावरण तथा सामाजिक शाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर<br>फोनः ०१-५००५५२० फ्याक्सः ०१-५५२९१०६<br>ईमेलः gesunit@dor.gov.np |

---

**UAE मा रोजगारको अवसर** Khidmah-Sole Proprietorship LLC.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७८/०८/०२ चलानी नं. ६०१६८०२१ LT No. 251172

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 175 | 88 | साधारण | 800 | २८,५०२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

न्तरवार्ता मेनपावर कार्यालयमा २०७९ मंसिर ५ गते 21 Nov. 2022 मा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम ईजाजत नं.: ९५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८,
मो. नं. ९८२३५१११०६, ९८१८०६००५७, ९८१८५१०५३३

---

सुदुरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
धनगढी, कैलाली
नेपाल

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सुचना**

**प्रकाशन मिति २०७९/०७/२८**

यस मन्त्रालयको मिति २०७९/०४/२४ गतेको बोलपत्र आव्हानको सूचना बमोजिम e–Bidding मार्फत समय सीमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम मिति २०७९।०८।०५ गते बिहानको ठिक १२:०० बजे यस मन्त्रालयमा उक्त आर्थिक प्रस्ताब खोलिने हुँदा उपस्थितिको लागि जानकारी गराइन्छ ।

| ठेक्का न. | सफल बोलपत्रदाताहरु |
|---|---|
| MOSDSupa/WORKS/02/2079-080 | 1. Shajendrashwor Nirman Sewa |
| | 2. Jayama Kalika Bhagwati JV |

---

सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पुर्वाधार विकास मन्त्रालय**
**यातायात पुर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**बैतडी**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :– २०७९/०७/२८**

यस कार्यालयबाट मिति २०७९।०६।२४ को "सौर्य" राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित तपशिलका सडक आयोजना हरुको निर्माण गर्न बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार मिति २०७९/७/२४ गते १२:०० बजे सम्म रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको विस्तृत मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव यस कार्यालयबाट माग भएको मूल्याङ्कन तथा योग्यताका सबै आधार पूराभएको हुदा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन २०७८ सहित) को नियम ३१(ङ) को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएको हुँदा तपसिल अनुसारको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन २०७८ सहित) को नियम ३१(ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं./योजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १ | IDOBTD/NCB/W/R/01/2079-080 (Construction & Upgrading of Shainikhan- Bhimchula-Sadarmukam Sadak, Baitadi) | M/S Sanidev Nirman Sewa, Mahendranagar Kanchanpur | २०७९/८/०६, दिउसो १२.०० वजे, पूर्वाधार विकास कार्यालय, बैतडी |

**कार्यालय प्रमुख**
**पूर्वाधार विकास कार्यालय, बैतडी**

---

*नेपाल सरकार*
***सहरी विकास मन्त्रालय***
***कोहलपुर नगर विकास समिति***
***योजना कार्यालय,***
***कोहलपुर, बाँके***

***गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना***

***प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/०७/२८ गते सोमबार***

कोहलपुर नगर विकास समितिको नाममा रहेको कोहलपुर नगरपालिका वडा नं. ११ को कि.नं. ३९६ (३क)को जग्गामा रहेको विभिन्न जातका रुख थान २५ लाई डिभिजन वन कार्यालय, बाँकेको कटान ईजाजत बमोजिम कटानमुछान गर्दा उत्पादन भई नगर विकास समितिको परिसरभित्र घाटगद्दी गरिएका साल, सिसौं, सिमल लगायत विभिन्न जातको गोलिया थान ८९ को ४६८.६९ घ.फि. काठ र साल मिश्रित दाउरा चट्टा २.०० हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालयबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस कार्यालयको वेवसाईट तथा सूचना पाटीमा टाँस गरिएको छ ।

***सदस्य सचिव***

---

**Naukunda Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Saramthali, Rasuwa**
**Bagamati Province, Nepal**

**Invitation for Sealed Quotation for the Procurement and supply of Stationery items**

**Sealed Quotation No: NRM/SQ/Goods/SQ/02-079/080**
**Date of Publication : 14-11-2022**

1. The Naukunda Rural Municipality, Rasuwa invites sealed quotations from registered Suppliers for **the Procurement and supply of Stationery items**
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Naukunda Rural Municipality, Rasuwa., 9818241117, naukundagaunpalika@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **i. Name of the Bank : Global IME Bank Ltd.** **ii. Name of Office : Naukunda Rural Municipality, Rasuwa**
   **iii. Office Code no :** **iv. Office Account No : 26204010000001**
   **v. Rajaswa (revenue) Shirshak No : Ga.1.1 Aantarik Rajaswo Khata Naukunda**
4. Sealed bids must be submitted to the office Naukunda Rural Municipality, Rasuwa Naukunda Rural Municipality, Rasuwa, Nepal through e-GP system i.e www.bopatra.gov.np/egp on or before 29-11-2022 12:00..Bids received, after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29-11-2022 12:30 at the office of Naukunda Rural Municipality, Rasuwa. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[2620401000002] at [Global IME Bank Ltd.,Naukunda Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

### अपाङ्गता भएका मतदाता भन्छन् :

# ‘भोटदिने मेरो अधिकार म आफैं प्रयोग गर्न चाहन्छु’



**दमौली/रासस–** तनहुँको व्यास नगरपालिका-१० निवासी कृष्ण थापा शारीरिकरूपमा अपाङ्गता छन् । उनलाई हिँडडुल गर्न ह्वीलचियरको सहायता पर्दछ । ह्वीलचियरको सहारामा उनको दैनिकी गुज्रिरहेको छ ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि पनि मतदान गर्न तयारी अवस्थामा छन् । निर्वाचनमा मतदान केन्द्र अपाङ्गतामैत्री नहुँदा थापाजस्तै थुप्रै अपाङ्गता भएका व्यक्तिलाई समस्या हुँदै आएको छ ।

‘मतदान केन्द्र अपाङ्गमैत्री नहुँदा मतदान गर्न जान निकै अप्ठ्यारो हुँदै आएको छ, मतदान केन्द्र अपाङ्गतामैत्री भइदिए सहजरूपमा मतदान गर्न पाउँथ्यौँ’, उनले भन्छन्, ‘चौर भएको ठाउँमा ह्वीलचियर गुडाउन गाह्रो हुन्छ, मेरो ह्वीलचियर त बरु त्यस्तो ठाउँमा पनि गुड्न सक्ने भएकाले म आफैँ एक्लै मतदान केन्द्रसम्म पुग्न सकेँ ।’

मतदान केन्द्रमा मतपेटिका अग्लो स्थानमा राखिदिँदा मत खसाल्ने बेला अप्ठ्यारो हुने गरेको उहाँको अनुभव छ । ‘छाप लगाउने ठाउँमा टेबल अग्लो भइदिँदा हामीजस्ता ह्वीलचियर प्रयोगकर्तालाई छाप लगाउन गाह्रो हुने गरेको छ, मतपेटिका पनि अग्लो स्थानमा राखिदिँदा मत खसाल्न गाह्रो हुन्छ’, उनले भने ।

मतदान केन्द्रलाई अपाङ्गतामैत्री बनाउन पटक-पटक माग गर्दै आए पनि आफूहरूको मागको सुनुवाइ हुन नसकेको उनको गुनासो छ । अपाङ्गताको क्षेत्रमा काम गर्दै आएको सहृदयी मञ्च तनहुँका सचिव रहनुभएकी उनले भने, ‘हामीहरूले यस विषयमा आवाज उठाउँदै आएका छौँ, तर पनि सुनुवाइ हुँदैन ।’

अधिकांश मतदान केन्द्रमा ह्वीलचियर लैजान नै नसकिने उनको अनुभव छ । मतदान केन्द्र विद्यालयमा हुने र त्यहाँ प्रवेशद्वार हुने भएकाले ह्वीलचियर लैजान समस्या हुँदै आएको छ । ‘प्रवेशद्वार अपाङ्गतामैत्री हुँदैन, सिँढी हुन्छ, कतिपय प्रवेशद्वार खोलिदैन’, आफ्नै अनुभव सुनाउँदै उनले भने, ‘ह्वीलचियर लैजान नमिलेपछि मलाई उचालेर भित्र लगिएको थियो ।’

स्थानीय तह निर्वाचनमा आफूसँग गएको सहयोगीले तपाईँ गेटमै बस्नुस्, म भोट हाल्दिहाल्छु नि भनेको सम्झिँदै उनले आफूहरू त्यस्तो नचाहने बताए । ‘हाम्रो भोट अरुले हालिदिओस् भन्ने हामी चाहँदैनौँ, म अपाङ्गता हो, मेरो आधा शरीरले काम नगर्ला, मेरो एउटा अङ्गले काम नगर्ला’, उनले भने, ‘मतदान गर्ने मेरो अधिकार म आफैँ प्रयोग गर्छु ।’

मतदान केन्द्रमा जानका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिने गरिए तापनि केन्द्र नै अपाङ्गतामैत्री नहुँदा समस्या हुँदै आएको रिसेड तनहुँका उपाध्यक्ष ईश्वर बाँस्तोलाले बताए । अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुगेर मतदान गर्न अप्ठ्यारो हुने भएकाले सहजरूपमा वातावरण मिलाउन माग गरिए पनि मागको सुनुवाइ हुन नसकेको सहृदयी मञ्चका अध्यक्ष सावित्री सुवेदीले जानकारी दिए ।

निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले मतदान केन्द्र व्यवस्थापन गर्दा अपाङ्गता भएका व्यक्तिलाई सहजरूपमा मतदान गर्न पाउने व्यवस्था मिलाइने बताए । ‘मतदान केन्द्रलाई तत्कालै केही गर्न सक्ने अवस्था छैन, मौजुदा केन्द्रहरूमा अपाङ्गता भएका व्यक्तिलाई सहजरूपमा मतदान गर्न पाउने व्यवस्था मिलाउँछौँ’, ढकालले भने । जिल्लामा तीन सय पाँच मतदान केन्द्र छन् । सबै मतदान केन्द्र विद्यालय र गाविस भवनमा निर्धारण गरिएको छ । विद्यालय र गाविस भवनका मतदान केन्द्र अपाङ्गतामैत्री छैनन् ।

## दाङबाट एक सय ४१ कैदीबन्दीले मतदान गर्दै

**घोराही/मस–** दाङमा एक सय ४१ कैदीबन्दीले मतदान गर्न पाउने भएका छन् । जिल्लाका दुई कारागारमा रहेका कैदीबन्दीमध्ये जम्मा एक सय ४१ जनाले अस्थायी मतदाताका रूपमा मतदान गर्न पाउने घोराही कारागार कार्यालयका प्रमुख वासुदेव खनालले जानकारी दिए । तुलसीपुर कारागारबाट ९१ र घोराही कारागारबाट ५० जना मतदानमा सहभागी हुन पाउने भएका छन् । घोराही कारागारमा तीन सय ४९ कैदीबन्दी रहेको भए पनि मतदाताको अन्तिम नामावलीमा नाम भएका र अस्थायी मतदाताका लागि तोकिएको अवधिभित्र विवरण पेस गरेका कैदीबन्दीले मात्र प्रतिनिधिसभा सदस्यको समानुपातिकतर्फ मतदान गर्न पाउने उनले जानकारी दिए ।

कारागार परिसरभित्रै अस्थायी मतदान केन्द्र स्थापना गरेर उनीहरूलाई मतदानको व्यवस्था गरिएको र त्यसका लागि मतदान गराउन कारागारमै कर्मचारी पुग्ने उनको भनाइ छ । जिल्लामा दुई ठाउँमा अस्थायी मतदानस्थल राखिने भएका छन् । त्यसमा घोराही कारागार कार्यालय र तुलसीपुर कारागार कार्यालय रहेका छन् । यी दुई मतदानस्थलबाट कैदीबन्दी, कर्मचारी र शिक्षकले पनि मतदान गर्न पाउने छन् । कार्यालयका प्रमुख खनालका अनुसार नामावली सङ्कलनको अवधिमा कारागारमा रहेका सबै कैदीबन्दीले अवसर नपाएका कारण धेरै भोट हाल्नबाट छुटेका छन् । ‘कारागार कार्यालयमै सबै कैदीबन्दीको नामावली सङ्कलनको व्यवस्था भएको भए सबै मतदानमा सहभागी हुने थिए’, उनले भने, ‘तर सबै कैदीबन्दीको नामावलीमा नाम नभएको हुँदा धेरै छुटेका छन् ।’ तुलसीपुर कारागारमा हालसम्म पाँच सय ८४ कैदीबन्दी रहेका छन् । त्यसमध्ये ७७ पुरुष र १४ महिला मदतानमा सहभागी हुन पाउने तुलसीपुर कारागार कार्यालयका निमित्त जेलर रम्बा केसीले जानकारी दिए ।

## निर्वाचन नजिकिएसँगै सवारी साधन बुकिङ बढ्यो

**काठमाडौं/मस–** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिएसँगै सार्वजनिक यातायातको माग बढेको छ । निर्वाचन आउन एक हप्ता समय बाँकी हुँदा काठमाडौंबाट विभिन्न गन्तव्यमा भोट हाल्न जानेहरुको संख्या बढेपछि टिकट बुकिङ बढेको हो । नेपाल यातायात व्यवसाय राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले निर्वाचनमा मतदाता गाउँसम्म लैजान बस बुकिङका लागि राजनीतिक दलका उम्मेदवार, नेता तथा कार्यकताएले धमाधम बुकिङ गरेको जानकारी दिए ।

‘मतदातालाई गाउँमा भोट हाल्न लैजाने भन्दै विभिन्न पार्टीका नेता तथा उम्मेदवारले व्यवसायी र महासङ्घमा फोन गरेर बस बुकिङ गरिरहनुभएको छ’, उनले भने । महासङ्घले गतहप्ता निर्वाचनमा खटिएका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका लागि दुई सय ८५ बस उपलब्ध गराएको थियो ।

## अफ्रिकी ‘कोप’ : भोकमरी मुद्दाले प्राथमिकता पाएन

**इजिप्ट/मस–** जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप-२७)मा खाद्य सङ्कटको मुद्दाले अपेक्षाकृत प्राथमिकता नपाएको देखिएको छ । अफ्रिकी मुलुक इजिप्टमा भइरहेको यस सम्मेलनलाई अफ्रिकी कोपसमेत मानिन्छ । सम्मेलनका हालसम्मका कार्यक्रम र छलफलमा उठेका विषयवस्तु हेर्दा यस महादेशका मुख्य मुद्दा जलवायु परिवर्तनका कारण उत्पन्न खाद्य सङ्कट, भोकमरी र खडेरीजस्ता विषयले आशा गरेअनुसार प्राथमिकता पाउन सकेको देखिँदैन ।



यी विषयले प्राविधिकरूपमा महत्व पाए पनि र सम्मेलनको उच्चस्तरीय सत्रमा राजनीतिकरूपमा कुरा उठे पनि औपचारिक एजेण्डा बन्न नसकेको सम्मेलनमा सहभागी ‘वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्’ सदस्य डा विमलराज रेग्मीले जानकारी दिए ।

यी विषयमा विश्व खाद्य तथा कृषि सङ्गठनको पहलमा विभिन्न छलफल गरिएको छ । यद्यपि अफ्रिकी महादेशमा भइरहेको सम्मेलनमा पनि यी विषयलाई औपचारिक एजेण्डा बनाउन नसक्नु दुभार्ग्य भएको बताउँदै उनले आगामी सम्मेलनमा औपचारिक एजेण्डा बन्ने अपेक्षा गरे ।

जलवायुमा देखिएका परिवर्तनशीलता जस्तैः अतिवृष्टि, अनावृष्टि, खडेरी, पहिरो र बाढीका कारण नेपालमा कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १० देखि ३० प्रतिशतसम्म उत्पादनमा ह्रास आएको पाइएको जनाइएको छ । सम्मेलनमा सहभागी राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले जलवायु परिवर्तनका कारणले विश्वमा नै खाद्य प्रणालीमा परेको सङ्कटको विषयलाई सम्मेलनमा प्राथमिकताका साथ उठनुपर्ने बताए ।

‘डिसिए’का जलवायु कार्य सल्लाहकार राजन थापाले सम्मेलनको सुरुआती चरण हेर्दा खाद्य सङ्कटको विषय जबर्जस्त आउनुपर्ने अपेक्षा रहेको भए पनि अफ्रिकी मुलुकले यसअघि उठाएर जसरी यो विषय उठाएको नदेखिएको बताए । सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष नागदेव यादवले जलवायु परिवर्तनले विश्वव्यापीरूपमा नै खाद्य सङ्कट बढाएको उल्लेख गर्दै यसको समाधानका लागि न्यूनीकरणमा नै जानुपर्ने बताए ।

### १५ हजार युरो राशिको मञ्चलाई

मधेश प्रदेशका विभिन्न जिल्ला कार्यरत सामुदायिक विकास तथा पैरवी मञ्चले १५ हजार युरो राशिको पुरस्कार प्राप्त गरेको छ । नेदरल्याण्डमा मुख्यालय रहेको ग्लोबल सेन्टर अन एड्याप्टेसन नामक संस्थाले यो वर्षदेखि दिन थालेको स्थानीय अनुकूलन च्याम्पिययन अवार्ड (लोकल एड्याप्टेसन च्याम्पियन अवार्ड) अन्तर्गतका विभिन्न चार विधामध्ये लोकल इनोभोनेशन क्याटागोरीमा मञ्चले उक्त पुरस्कार पाएको हो । गत आइतबारदेखि जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप-२७)को एक कार्यक्रममा उक्त पुरस्कार हस्तान्तरण गरिएको हो । भर्चुअल माध्यमबाट पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव तथा ग्लोबल सेन्टर अन एड्याप्टेसन सञ्चालक समितिका अध्यक्ष वान्की मुनले स्थानीय अनुकूलनका लागि स्थानीय सरकार र समुदायको महत्वपूर्ण योगदान हुने र विकास योजनालाई समावेशी बनाउनुपर्ने बताए ।

पुरस्कार वितरण समारोहमा बोल्दै वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेलले जलवायु अनुकूलन राष्ट्रिय नीतिले निर्दिष्ट गरेअनुसार नेपालले जलवायु कार्यहरू गर्दै आएको बताए । सो संस्थाले मधेश प्रदेशका अन्य विकास साझेदार संस्था तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै चुरे संरक्षण, संवर्द्धन, नदी प्रणाली व्यवस्थापन, वन तथा वन्यजन्तु संरक्षण, बगरमा फलफूल खेती गरी बगैँचा र तरकारी खेती प्रवर्द्धन गर्दै आएको जनाइएको छ ।

संस्थाको सक्रियता र सहजीकरणमा चुरे क्षेत्रहरूमा जलाधार संरक्षण पोखरीहरू निर्माण भई तल्लो तटीय क्षेत्रमा ग्राउण्ड वाटर रिचार्ज हुन सहयोग पुगेको र यसले वन तथा वन्यजन्तु संरक्षणमा पनि सहयोग भएको संस्थाको दाबी छ ।

यसैगरी वर्षभरि नै सिँचाइका लागि चुरेबाट बग्ने नदीहरुबाट चुहेको पानीलाई व्यवस्थापन गरी सिँचाइ सुविधा पुर्‍याई एकै वर्षमा तीन बाली खेती सहजै हुने गरेको र यसले स्थानीय तहको खाद्य सुरक्षालाई समेत टेवा पुगेको अध्यक्ष यादवको कथन छ । यसबाहेक खहरेखोल्सामा स-साना चेकड्याम निर्माण गरेर पानीको बहाव कम गर्दै इन्टेक ट्याङ्कीमा सङ्कलन गरेर स्वच्छ पिउने पानीको व्यवस्था गरिएको बताइएको छ ।

## कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना

**मोरङ, बिराटनगर**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**सुचना प्रकाशन मितिः २०७९।०७।२८**

यस कार्यालयबाट मिति २०७९।०६।०६ को मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तपसिल बमोजिमको ठेक्का प्याकेजको लागि रीतपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्विकृतिका लागि छनौट भएको हुंदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract ID | Successful Bidder | Bid Amount: Excluding VAT(NRs.) |
|---|---|---|---|
| 1. | KBRMP/BAK/01/2079/080 | R.C. Construction, Sundarharaicha-12, Morang | 96,74,938.25 |
| 2. | KBRMP/BAK/02/2079/080 | R.C. Construction, Sundarharaicha-12, Morang | 96,62,390.98 |
| 3. | KBRMP/LOH/01/2079/080 | R.C. Construction, Sundarharaicha-12, Morang | 78,59,394.25 |
| 4. | KBRMP/CHI/01/2079/080 | Praima Nirman Sewa, Biratnagar-10, Morang | 97,32,667.84 |

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

